http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ३, अङ्क ६, २०७२ पुस, Year 3, Issue 6, Janaury 2016

## राजस्व संकलन गतवर्षकै बराबर

काठमाडौं। आर्थिक वर्ष २०७२/०७३ मंसिर मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा शतप्रतिशत भएको छ। आर्थिक वर्ष २०७२/०७३ मंसिर महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. ५७ अर्व ३६ करोड ९१ लाख ५१ हजार रहेकोमा रु. ४६ अर्व ९९ करोड ९२ लाख ३४ हजार संकलन भई लक्ष्यको तुलनामा ८२ प्रतिशतको प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. १९ अर्व २७

| Sector wise Revenue Collection (upto 2072 Mansir) | | | | | |
|---|---|---|---|---|---|
| Sector | Last year collection (RS bn) | Target (Rs bn) | Collection (Rs. bn) | Achievement (%) | Growth Rate (%) |
| Income Tax | 15.75 | 19.17 | 15.08 | 79 | 96 |
| Rental Income Tax | 0.90 | 0.96 | 1.05 | 109 | 115 |
| Interest Income Tax | 2.71 | 3.57 | 3.15 | 88 | 116 |
| Total Income Tax | 19.38 | 23.70 | 19.28 | 81 | 99 |
| VAT (domestic) | 15.81 | 19.44 | 17.32 | 89 | 110 |
| Excise (domestic) | 11.04 | 13.46 | 9.85 | 73 | 89 |
| Education Service Fee | 0.21 | 0.29 | 0.21 | 72 | 100 |
| Health Service Tax | 0.31 | 0.46 | 0.33 | 72 | 106 |
| Grand Total | 46.76 | 57.36 | 46.99 | 82 | 100 |
| Deficit in collection: Rs 10.36 bn | | | | | |

करोड ९६ लाख ८२ हजार, मूल्य अभिवृद्धि कर रु. १७ अर्व ३२ करोड ५९ लाख ७३ हजार र अन्तःशुल्क तर्फ रु. ९ अर्व ८४ करोड ७६ लाख ९६ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ८१ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ८९ प्रतिशत र अन्तशुल्कबाँकी १५ पेजमा....

## विभाग अन्तर्गतका सवै कार्यालयहरुबीच

# कार्य सम्पादन सम्झौता सम्पन्न



कार्य सम्पादन सम्झौता सम्बन्धी विभागमा आयोजित कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा लगायत कर्मचारीहरु

काठमाडौं। निजामती सेवा ऐन, २०४९ को दफा १५ (२) बमोजिम आन्तरिक राजस्व विभागको काम कारवाहीलाई प्रभावकारी बनाउन आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा र उपत्यकास्थित कार्यलयका प्रमुखहरुबीच विभागमा आयोजित एक विशेष कार्यक्रममा पुस १६ गते कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ। सम्झौतामा उल्लेख भएका कार्यसम्पादन सूचकहरुले नतिजामुखी कार्य सम्पादन हुने अपेक्षा विभागले लिएको छ। कार्य सम्पादन सम्झौतामा उल्लिखित कार्यहरु अन्य निकायको कार्य सम्पादनको समय, लागत समेतमा आधारित हुने भएमा सो कारणले र कार्य सम्पादनको क्रममा काबु बाहिरको परिस्थिति परी कार्य सम्पन्न हुन नसक्ने अवस्था भएमा कार्य सम्पादन सूचक र भारमा सम्झौता गर्ने र अनुगमन गर्ने पदाधिकारीहरुको सहमतिमा परिवर्तन गर्न सकिने गरी दुवै पक्षको बीचमा कार्य सम्पादन संझौता भएको छ। यस अघि नै विभागका विभिन्न शाखाहरुबीच महानिर्देशक श्री शर्मा र निर्देशकहरुसँग कार्य सम्पादन सम्झौता सम्पन्न भइसकेको छ।

विभागमा आयोजित कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री शर्माले कार्यालय प्रमुखहरुकोबीचमा हस्ताक्षर गरी सम्झौताबाँकी ३ पेजमा....

ऑखीझ्याल

कार्यालय परिचय — पृष्ठ ४-११

राष्ट्र निर्माणमा करको महत्व र करदाताको भूमिका — पृष्ठ १२

राष्ट्र निर्माणमा करको महत्व र करदाताको भूमिका — पृष्ठ १४



# महानिर्देशकको सन्देश

**मुलुक जटिल परिस्थितिबाट अगाडि बढिरहेको अवस्थामा हामी सवै नागरिकले आआफ्नो ठाउँबाट आफ्ना जिम्मेवारीहरु वहन गरी असहजतालाई सहजीकरण गर्ने दिशामा आआफ्ना गतिविधिहरु सञ्चालन गर्न र राजस्व संकलनमा अभिवृद्धिलाई समृद्ध आधुनिक र न्यायपूर्ण मुलुक निर्माण अभियानमा सक्रिय रुपमा योगदान गर्न म कर परिवारका सम्पूर्ण सदस्य कर्मचारीहरु, करदाता, अन्य सरोकारवाला पक्ष लगायत सवैमा अनुरोध समेत गर्न गर्दछु ।**

राजस्व प्रशासनको साँढे पाँच दशक लामो यात्रामा आन्तरिक राजस्व विभागले धेरै आरोह अवरोधहरु पार गर्दै आएको छ । यो अनवरत यात्रामा व्यवसायिक र कार्य सम्पादनमुखी प्रशासन सञ्चालन गर्ने उद्देश्य अनुरुप विविध सुधारका श्रृंखलाहरु समेत निरन्तर रुपमा चलिरहेका छन् । हिजो ठूला ठूला फाइल र ढड्डामा अभिलेखांकन गरिएका तथ्यांकहरु आज एक क्लिकमै विश्वका जुनसुकै कुनाबाट हेर्न सकिने भैसकेको छ । यिनै सुधारका चरणहरुलाई अझ परिस्करण गरी कर प्रशासनमा संलग्न जनशक्तिको व्यवसायिक दक्षता अनुसार नतिजा हासिल गर्ने र करदाताको सेवा र सहयोगमा दत्तचित्त भई विकासको लागि आवश्यक पर्ने श्रोत, साधनको उचित प्रवन्ध गर्न आफूलाई निर्धारण गरेको लक्ष्य प्राप्ति हेतु हरेक तह र वर्गमा रहेका जनशक्तिको सक्रियतामा कार्य सम्पादनलाई प्रभावकारी बनाउदै करदातामैत्री कर प्रशासनको संचालन गरी तोकिएको लक्ष्य हासिल गर्ने अभिप्रायले आन्तरिक राजस्व विभागले यसै महिना आफू मातहतका सवै कार्यालय प्रमुख र विभागमा कार्यरत उपमहनिर्देशक, निर्देशक र सो सरहका पदाधिकारीहरुसंग लगायतसँग कार्यसम्पादन सम्झौता सम्पन्न गरेको छ ।

कार्य सम्पादन सम्झौताले कर्मचारीको कार्य सम्पादनमा थप सुधार हुन गई कर प्रशासनको समग्र प्रभावकारितामा समेत सकारात्मक योगदान पुग्ने कुरामा म विश्वस्त छु ।

अहिले मुलुकको समग्र अर्थतन्त्र अत्यन्त जटिल परिस्थितिबाट गुज्रिरहेको छ । यस्तो जटिल परिस्थितिमा राज्यले एकातर्फ आर्थिक कियाकलापमा संलग्न उद्योग धन्दाहरुको संरक्षणका लागि हदैसम्मका सुविधा र सहयोग पुऱ्याउनु पर्ने अवस्था रहेको छ भने अर्को तर्फ बन्द, हड्ताल, नाकावन्दी तथा भूकम्पले आहत भएका जनतालाई राहत पुऱ्याउनका लागि पुर्ननिर्माणका लागि ठूलो मात्रामा सरकारी लगानी बढाउनु पर्ने तत्काल आवश्यक परेको छ । त्यसैले हामीले विगत लामो समयदेखि व्यावसायीका समस्याहरुलाई मध्यनजर गरी आर्थिक कारोवारको आय विवरण तथा कर विवरण बुझाउनुपर्ने समयावधि पनि पटक पटक गरी पौष महिनासम्मका लागि थप गरिएकोमा हाल अर्थतन्त्रमा आएको असहजतालाई क्रमशः कम गरी जनतालाई राहत पुऱ्याउनका लागि सरकारले ठूलो मात्रामा लगानी बढाउनुपर्ने आवश्यकता अनुसार सम्पूर्ण व्यवसायी करदाताहरुलाई आफ्नो व्यवसायको यथार्थ अवस्था जे जस्तो छ सो अनुसारका विवरण तथा आय आर्जन गरे अनुसार राज्यलाई तिर्नु बुझाउनु पर्ने कर रकम तिर्न बुझाउनका लागि सार्वजनिक रुपमा सूचना प्रवाह गरेको र सो अनुसार व्यवसायी तथा करदाताले विवरण एवं कर दाखिला गर्नु भएको कुरा विदितै छ ।

हामी अहिले करिव सोह्र अर्बको आन्तरिक राजस्व तर्फको कर **Deficit** मा छौं । राजस्वको लक्ष्य नपुग्नुले मुलुकको विकास कृयाकलापमा समेत प्रत्यक्ष नकारात्मक असर गरी रोकावट ल्याउँदछ जसले गर्दा दीर्घकालसम्म अर्थतन्त्रमा गम्भिर असर पर्न जान्छ । त्यसैले यसको निराकरण गर्दै चलायमान अर्थतन्त्र निर्माणका लागि सवै तह र तप्काका वर्ग एवं क्षेत्रले प्रभावकारी भूमिका निर्वाह गर्नु अपरिहार्य हुन्छ ।

यसै परिवेशमा रहेर मुलुकको यस्तो विषम परिस्थितिलाई मध्यनजर गर्दै सच्चा नागरिकको कर्तव्य बोध गरी आफ्नो दायित्व अनुसारको योगदान गर्न सवै करदाताहरुमा आव्हान सहित अनुरोध गर्दछु ।

साथै कर प्रशासनले करदाताका हरेक समस्यालाई निराकरणका लागि एक अभिभावकको रुपमा आफ्ना कृयाकलापहरु निर्देशित गरी करदातामैत्री व्यवहार प्रदर्शन गरिरहेको व्यहोरा निवेदन गर्दै आगामी दिनमा त्यसलाई अझ सशक्त बनाउँदै लैजाने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

अन्त्यमा, मुलुक जटिल परिस्थितिबाट अगाडि बढिरहेको अवस्थामा हामी सवै नागरिकले आआफ्नो ठाउँबाट आफ्ना जिम्मेवारीहरु वहन गरी असहजतालाई सहजीकरण गर्ने दिशामा आआफ्ना गतिविधिहरु सञ्चालन गर्न र राजस्व संकलनमा अभिवृद्धिलाई समृद्ध आधुनिक र न्यायपूर्ण मुलुक निर्माण अभियानमा सक्रिय रुपमा योगदान गर्न म कर परिवारका सम्पूर्ण सदस्य कर्मचारीहरु, करदाता, अन्य सरोकारवाला पक्ष लगायत सवैमा अनुरोध समेत गर्न गर्दछु ।

माघ, २०७२

**चुडामणि शर्मा**
महानिर्देशक

## कार्य सम्पादन...

आदान प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणि दुवाडीले हिजो पनि कार्य सम्पादन भएको र आज पनि कार्य सम्पादन भइरहेको बताउनुहुँदै काम गर्ने प्रकृयामा सुधार गर्न कार्य सम्पादन सम्झौता गरिएको जानकारी दिनुभयो । उहाँले कार्य सम्पादन सम्झौता कर्मचारीलाई जिम्मेवार बनाउने र कार्य प्रणालीलाई व्यवस्थित बनाउने टुल्स भएको जानकारी दिनुभयो । कार्य सम्पादन सम्झौतालाई सक्दो रुपमा (Smart) स्मार्ट बनाउने प्रयास भएको जानकारी दिनुभयो ।

आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री लक्ष्मी यादवले पहिले हामीले यो कार्य गरेका थिएनौं अहिले शुरुवात गर्देछौं र यसको कार्यान्वयनबाट उपलव्धी हुनेमा आशा लिएका छौं भन्नुभयो ।

आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २ का प्रमुख कर अधिकृत श्री अर्जुनप्रसाद पोखेलले कार्यसम्पादन सम्झौताबाट विभागले आउट पुट खोजेको छ । सद्धानीय काममा विभागप्रति आभार प्रकट गर्नुहुँदै कार्य सम्पादन सम्झौतामा भएका विषय वस्तुका वारेमा समीक्षा गर्नु भएको थियो । त्यसैगरी कार्यक्रममा करदाता सेवा कार्यालय महाराजगञ्जका प्रमुख कर अधिकृत श्री दीपक पहाडीले सम्झौतामा भएका विषयवस्तुको कार्यान्वयन गर्ने प्रतिवद्धता जनाउनुहुँदै आर्थिक वर्ष सकिन छोटो समय बाँकी रहेकाले सम्झौतामा उल्लेख भएका विषयवस्तु पूरा गर्न विभाग र कार्यालय दुवैको चुनौती रहेको जानकारी दिनुभयो । सबैको साझा प्रयास आवश्यक रहेको बताउनुहुँदै काम गर्दै जाँदा व्यवहारिक समस्या सिर्जना भएमा समाधान गर्न सकिने बताउनुभयो ।

सम्झौता हस्ताक्षर भएको मिति देखि २०७३ साल असार मसान्तसम्म लागू रहनेछ। सम्झौतामा हस्ताक्षर गर्ने कार्यालय प्रमुखले यस वर्ष विभागले तोकेको राजस्व संकलन लक्ष्य, कार्यगत लक्ष्य, ललितपुर घोषणा पत्र, मन्त्रालय तथा विभागको कार्ययोजना, निर्देशन तथा परिपत्रलाई आधार मानी कार्य योजना बनाई कार्य सम्पादन गर्नुपर्नेछ ।

सम्झौतामा उल्लेख भएका विषयहरुको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुने र कार्यान्वयनको



सिलसिलामा आवश्यक सहयोग र निर्देशनको जिम्मेवारी महानिर्देशकको हुने गरी कार्यालय प्रमुखले सम्पादन गर्ने विषयलाई वार्षिक रुपमा उल्लेख गरिएको छ। जसलाई मासिक रुपमा कार्य विभाजन गरी कार्य सम्पादन गर्नु पर्नेछ ।

सम्झौताको अवधि पूरा नहुँदै कार्यालय प्रमुखको काज तथा सरुवा भएमा विभागको मासिक विभाजनलाई आधार मानी निजको कार्यसम्पादन मूल्यांकन गरिनेछ तथा सम्झौतामा मुख्य गरी प्रोत्साहन प्रणालीमा आधारित सूचकांक कार्यान्वयन निर्देशिकालाई आधार मानी लक्ष्य किटान गरिएको छ ।

सम्झौतामा उल्लेख भएका कुनै पनि विषयहरुलाई महानिर्देशकले संशोधन गर्न आवश्यक ठानेमा कार्यालय प्रमुखलाई जानकारी, सहमति वा छलफलवाट संशोधन गर्न सकिनेछ । कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीका सूचकहरु सम्झौताका अंगको रुपमा रहने विषय पनि उल्लेख गरिएको छ ।

तोकिएका सूचकहरुको औसत भारमा ८० प्रतिशत भन्दा बढी अंक प्राप्त गरेमा अति उत्तम, ७५ देखि ८० प्रतिशत अंक प्राप्त गरेमा उत्तम र ७५ प्रतिशत भन्दा कम अंक प्राप्त गरेमा न्यून कार्य सम्पादन भएको मानिने गरी मूल्यांकनको आधार मानिएको छ। कार्यालयको कार्य सम्पादनको मूल्यांकन गर्दा भ(क्षक मा उपलब्ध तथ्यांक तथा अभिलेखलाई आधार मानी कार्य सम्पादन स्तर निर्धारण हुने कुरा उल्लेख गरिएको छ ।

कार्यालय प्रमुखलाई वृत्ति विकासका अवसरहरु प्रदान गर्दा कार्यसम्पादन मुल्यांकनलाई मुख्य आधार बनाइने र कार्यसम्पादन सम्झौता अनुसार तोकिएको लक्ष्य प्रगतिको लागि कार्यालय प्रमुख महानिर्देशकप्रति पूर्णरुपमा जवाफदेही हुनु पर्नेछ ।

आन्तरिक राजस्व विभाग र त्यस कार्यालयवीचमा भएको सम्झौतामा उल्लेख भएको विषयहरु मध्ये देहायका बिषयहरुमा विभाग र अर्थ मंत्रालयबीच भएको कार्य सम्पादन सम्झौतामा उल्लेख गरिएका बिषयहरुलाई समेत आधार मानी कार्य सम्पादन सम्झौता भएको छ ।

जसमा आर्थिक वर्ष २०७२र७३ को लागि तोकिएको राजस्व संकलनको लक्ष हासिल गर्ने, मूल्य अभिवृद्धि करको नन् फाइलर १५ प्रतिशत र आयकरको ३० प्रतिशत कायम गर्ने, प्रत्येक कार्यालयवाट न्यूनतम ३ वटा कर वक्यौताको अन्तिम तहको कारवाही गर्ने, तोकिए बमोजिमको बेरुजु फछ्र्यौटको लक्ष हासिल गर्ने, मूल्य अभिवृद्धि करको थ्रेसहोल्डको प्रभावकारीरुपमा कार्यान्वयन गर्ने, निवेदन परेका तथा विगतवाट सरी आएका दर्ता खारेजी निवेदन समयमा सम्पन्न गर्ने लगायतका विषयलाई जोड दिइएको छ। पुस महिना भरिमा उपत्यका बाहिरका कार्यालय प्रमुखहरुसँग कार्य सम्पादन सम्झौता सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

कार्यक्रमको शुरुमा आन्तरिक राजस्व विभागका निर्देशक श्री अर्जुन भट्टराईले सम्झौता तयार गरिएको आधार र शर्तहरुको वारेमा प्रष्ट पार्नु भएको थियो भने आवश्यकता अनुसार सम्झौताका विषयहरुलाई परिमार्जन र परिस्कृत गर्दै जान सकिने भनी उल्लेख गर्नु भएको थियो ।

# आन्तरिक राजस्व कार्यालय, पोखरा




कर प्रशासनलाई समय सापेक्ष, सरल, पारदर्शी, आधुनिक, करदातामैत्री बनाउँदै एकै थलोबाट कर प्रशासन सम्वन्धी सेवा उपलव्ध गराउन साविकमा रहेको कर विभाग तथा मूल्य अभिवृद्धि कर विभाग तथा अन्तःशुल्क विभाग गाभेर २०५८ सालमा आन्तरिक राजस्व विभागको स्थापना भएसंगै कर कार्यालय र मूल्य अभिवृद्धि कर कार्यालय गाभेर यस आन्तरिक राजस्व कार्यालय पोखराको स्थापना भएको हो।

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत गण्डकी अञ्चलको कास्की, गोरखा, लमजुङ, स्याङजा, मनाङ र तनहुँ तथा धौलागिरी अञ्चलका मुस्ताङ, बागलुङ, म्याग्दी तथा पर्वत गरी १० जिल्ला रहेका छन् । उक्त क्षेत्र मध्ये तनहुँको दमौलीमा र बाग्लुङमा करदाता सेवा कार्यालयबाट समेत सेवा प्रवाह भई रहेको छ भने समग्र प्रशासन आन्तरिक राजस्व कार्यालय पोखराबाटै हुने गरेको छ। आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालय रहेका जिल्ला बाहेक अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाका कोष तथा लेखा नियन्त्रण कार्यालयले अन्तःशुल्कको प्रशासन गर्दै आएका छन् । यस कार्यालयको स्वामित्वमा करिब १२ कठ्ठा ३२ धुर जग्गा र ३ वटा भवन रहेको छ जसमध्ये यस कार्यालयबाट सहज सेवा प्रवाहका लागि रत्नचोकमा ९-१९-०-३ क्षेत्रफलको जग्गामा आधुनिक भवन तथा कर्मचारी आवास गृह रहेको छ भने बाकी २-४-३-३ क्षेत्रफलमा रहेको जग्गामा अवस्थित पुरानो भवन अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्षेत्रीय कार्यालय पोखराले उपभोग गरिरहेको छ । कार्यालयमा हाल कायम रहेका २५ जनाको स्वीकृत स्थायी दरवन्दीमा २२ जना पदपूर्ति भई कार्य सम्पादन गर्दै आएको छ ।

### कार्य प्रवाह तालिका :

कार्यालयको कार्य प्रवाह तालिका देहाय बमोजिम रहेको छ ।




### अभिलेख व्यवस्थापन :

यस कार्यालयमा दर्ता रहेका करदाताहरुको विवरण रहेका फाइललाई सुरक्षित रुपमा व्यवस्थापन गर्नको लागि छुट्टै फाइल शाखाको व्यवस्था गरी फाइलहरुलाई क्रमागत रुपमा ठाडो फाइल व्यवस्थापन प्रणाली बमोजिम व्यवस्थापन गरिएको छ। खोजेको फाइल तत्काल प्राप्त होस भन्ने हेतुले रजिष्टर अद्यावधिक गरी लगबुक समेत तयार गरिएको छ । साथै करदाताका सम्पूर्ण अभिलेखहरु आन्तरिक राजस्व विभागको एकिकृत कर प्रणाली बमोजिम विद्युतीय अभिलेखमा इन्ट्री गरी अद्यावधिक गर्ने गरिएको छ । अन्तःशुल्कमा दर्ता रहेका करदाताहरुको अभिलेख विभागको Excise Automation System बमोजिम अद्यावधिक गरिएको छ।

### करदाता सम्बन्धी विवरण

यस कार्यालयको अभिलेख अनुसार २०७२ कार्तिक मसान्तसम्म यस कार्यालयमा निम्नानुसार करदाता रहेका छन् ।

| करदाताको किसिम | संख्या |
|---|---|
| व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता | ३०६०६ |
| व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाता | ७७५४७ |
| मू.अ.करमा समेत दर्ता भएका करदाता | १०५२२ |
| अन्तःशुल्कमा दर्ता भएका करदाता | ५४१० |

हाल यस कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये मू.अ.करमा दर्ता भएका करदाताले मू.अ.कर विवरण शतप्रतिशत अनलाइन बुझाउने गरेका छन् । साथै आयविवरण तर्फ डे ०३ विवरण बुझाउने करदाताहरुले समेत आफ्नो आयविवरण अनलाइन नै बुझाउने गरेका छन् भने आयकर तर्फ पूर्वानुमानित आय विवरण

डे ०१ विवरण बुझाउने करदाताको सहजीकरणका लागि कार्यालयले विवरण कार्यालयमै विवरण तत्काल बुझि अनलाइन इन्ट्रि गरिदिने साथै जिल्ला जिल्लामा घुम्ती शिविरमा संकलन गरिएका डे ०१ विवरणहरु मेनुअल बुझि कार्यालयबाट अनलाइन इण्ट्रि गरी सहयोग गर्ने गरिएको छ। साथै करछुट प्राप्त संस्थाले पेश गर्ने वित्तीय विवरण भने म्यानुअल नै बुझ्ने गरिएको छ। त्यसैगरी भुक्तानीमा कर कट्टी गर्ने कुनै पनि फर्म तथा संस्थालाई भुक्तानीमा कर कट्टी विवरण अनलाईनबाट नै पेश गर्न सुझाव एवं दबाब दिइएको र कम्प्यूटर तथा प्राविधिक ज्ञानको कमीले सो गर्न नसक्ने संस्थाहरुको हकमा भने कार्यालयले सहयोग गरिदिने गरेको छ।

### विगत तीन वर्षको राजस्व संकलनको लक्ष्य तथा प्रगतिको अवस्था

| आ.व. / शिर्षक | २०६९/०७० | | | २०७०/०७१ | | | २०७१/०७२ | | | २०७२/०७३(कार्तीक मसान्तसम्म) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | असुली | प्रगती | लक्ष्य | असुली | प्रगती | लक्ष्य | असुली | प्रगती | लक्ष्य | असुली | प्रगती |
| आयकर | ११०९०३५ | ११३१०१५ | १०१.९८ | १२८७८०८ | १२३०९८० | ९५.५९ | १३८०८४९ | १५३१११३ | ११०.८ | ३५८४८० | ३४२०९६ | ९५.४३ |
| बहाल कर | ६८९०० | ७१२३५ | १०३.३९ | ८६०६० | ८२४६४ | ९५.८२ | १८३९६४ | १०४६६० | ५६.८९ | २६१२८ | ४१५८४ | १५९.१५ |
| व्याजकर | १८४२७२ | १३५९६४ | ७३.७८ | १५२६६८ | १२१३३७ | ७९.४८ | १३७६४७ | १५०७३५ | १०९.५१ | ६४०३२ | ६४२४२ | १००.३३ |
| मु.अ.कर | ४२०८५९ | ४९९०२२ | ११८.५७ | ५३६४४८ | ५६५३६० | १०५.३९ | ६७३६६१ | ६७३३७७ | ९९.९६ | २८३०९२ | २७६७२४ | ९७.७५ |
| अन्त:शुल्क | १६००६८ | १३७२७२ | ८५.७६ | १९००१० | २३६९८३ | १२४.७२ | १३६५४०९ | १५८९८९४ | ११६.४४ | ३७६२६१ | ६२५४५३ | १६६.२३ |
| शिक्षा सेवा शुल्क | १२९४० | २१३८६ | १६५.२७ | २७९६५ | ३६०८६ | १२९.०४ | ३८८६० | २५५२७ | ६५.६९ | ६४६९ | ७२४६ | ११२.०१ |
| स्वास्थ्य सेवा कर | ० | १८९४७ | .00 | २२११४ | ३२२५४ | १४५.८५ | ४२००१ | ३५८२७ | ८५.३५ | १६८५४ | १६१०८ | ९५.५७ |
| जम्मा | १९५६०७४ | २०१४८४२ | १०३।०० | २३०३०७३ | २३०५४६३ | १००.१० | ३८२२३९१ | ४११११३४ | १०७.५५ | ११३१३१६ | १३७३४५३ | १२१.४० |

### कार्यालयबाट सम्पादन भएका उल्लेखनीय कार्यहरू :

१. करदाताको सुविधाको संचालन शाखाको शुरु कक्षमै लागि सहायता लागि Help Desk को व्यवस्था गरिएको।

२. नागरिक बडापत्र तथा उजुरी पेटिकाको व्यवस्था गरिएको।

३. कर दाखिला तथा सहजीकरणका लागि कार्यालय परिसर भित्रै बैंक काउण्टर राखिएको।

४. कार्यालयको कार्यक्षेत्र भित्र सञ्चालन हुने अस्थायी प्रकृतिका विभिन्न मेला, महोत्सव, प्रदर्शनीका आयोजकसंग सम्पर्क तथा समन्वय गरी सञ्चालन हुनु पूर्व नै आयोजक तथा अन्य व्यावसायीहरुलाई मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १० (क) बमोजिम अस्थायी मु.अ.कर दर्ता गरिएको।

५. लामो समयदेखि करको दायरामा नआएका सरकारी तथा निजी उच्च माद्यामिक विद्यालय तथा क्याम्पसहरुमा अध्यापनरत शिक्षक प्राध्यापक तथा कर्मचारीहरुको भुक्तानीमा करकट्टीको अनुगमन गरी आ.व २०७१/०७२ मा करिब रु. २ करोड पारिश्रमिक कर निर्धारण गरी सो क्षेत्रबाट नियमित रोजगारी आयमा करकट्टी हुने व्यवस्थालाई प्रभावकारी वनाईएको साथै ट्युसन कोचिङ सेन्टर, तालिम प्रदायक संस्था, ट्रेकिङ र ट्राभल व्यवसायी, स्पा सेन्टर लगायतलाई मूल्य अभिवृद्धि दर्ता तथा मूल्य अभिवृद्धि कर निर्धारण गरिएको।

६. सघन बजार अनुगमन, करदाता शिक्षा, सूचनाको प्रभावकारी प्रवाह (SMS समेत) तथा घुम्ति शिविर सञ्चालन मार्फत् लामो समयदेखि करको दायरमा नआएका करदाताहरुलाई करको दायरमा ल्याइएको तथा कर सहभागिता नजनाएका करदाताहरुबाट आयकर तथा मूल्यअभिवृद्धि करमा विवरण प्राप्त गरिएको।

७. मुख्य मुख्य व्यापारिक क्षेत्रहरुको Sample Survey गरी सोको आधारमा न्यूनतम घरबहाल रकम निर्धारण गरी बहालकर असुल गरिएको।

८. कर सहभागिता स्वत:स्फूर्त रुपमा बढाउन उद्योग वाणिज्य संघ तथा बस्तुगत संगठनहरु, शैक्षिक क्षेत्र लेखा व्यवसायीहरु, संचारकर्मीसंग समन्वय गरी करदाताको पायक पर्ने स्थानमा करदाता शिक्षा तथा अन्तरक्रिया एवं सचेतनामूलक कार्यक्रमहरु संचालन गरिएको साथै आर्थिक ऐनले व्यवस्था गरेको विभिन्न छुट सहुलियत सुविधाका बारेमा जानकारी प्रदान गरी उल्लेखनीय सहभागीता गराइएको।

९. आर्थिक ऐन २०७२ को दफा २२ बमोजिम आयकर ऐन, २०३१ बमोजिमको आयकर र मूल्य अभिबृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटेल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्रीकर ऐन बमोजिम २०६० साल असार मसान्तसम्म लगत कायम भई असुल उपर हुन नसकेका बक्यौता करमध्ये प्रति लगत बीस हजार रुपैयाँसम्मको बक्यौता कर र सोमा लागेको ब्याज मिन्हा गरिएको छ। यस कार्यालय अन्तर्गतका बक्यौता असुल उपर हुन नसकेका करदाताहरुका ६९३ लगत को रु ३३७१८४२ र व्याज/जरिवाना ३१४६८०.०७ गरी जम्मा रु ३६८६५२२.०७ बक्यौता मिन्हा गरिएको।

१०. राष्ट्रिय कर दिवस तथा कर सप्ताहको अवसरमा विभागको निर्देशन बमोजिम समग्र, क्षेत्रगत तथा जिल्लागत रुपमा उत्कृष्ट करदाता घोषणा एवं सम्मानित गरी कर कानूनको परिपालना तथा कर सहभागिता अभिबृद्धिका लागि प्रोत्साहित गरिएको।

### कार्यालयका समस्या र चुनौतीहरु :

१. कार्यालयको विद्यमान दरबन्दी संरचना तथा संगठनात्मक व्यवस्था तथा कार्यालयको वृहत कार्यक्षेत्र रहेको अवस्थामा कार्य सम्पादन गर्न कठिनाई भएको।

२. कार्यालय भित्रका अधिकांश करदाताहरु पर्यटन, मनोरञ्जन लगायतका सेवामूलक व्यवसायसंग (Service Business Hub) सम्बन्धित रहेकोले सेवा व्यवसायको जटिल प्रकृतिका कारण Billing Enforcement गर्न नसकिएको।

३. करदाताहरुले न्यून बहाल रकम घोषणा गर्नु, Reference Price को व्यवस्था नहुनु, Floor Price को व्यवस्था नहुँदा लक्षित बहालकर असुलीमा चुनौती रहेको।

४. विभागबाट लागू भएको Integrated

बांकी १३ पेजमा.....

# आन्तरिक राजस्व कार्यालय, दाङ




## कार्यालयको संक्षिप्त परिचय

**स्थापना :** मुलुकको आन्तरिक कर राजस्वलाई परिचालन गर्ने गरी देशका विभिन्न स्थानमा आन्तरिक राजस्व कार्यालयको स्थापना गर्ने क्रममै राप्ती अंचलका सबै जिल्लाहरुलाई समेटेर २०५८ साल श्रावण महिनामा आन्तरिक राजस्व कार्यालय, तुलसीपुर, दाङको स्थापना भएको हो ।

**कार्यक्षेत्र :** राप्ती अंचलका पाँच वटा जिल्लाहरु रुकुम, रोल्पा, सल्यान, प्यूठान र दाङमा रहेका करीव ३० हजार करदाताहरुलाई यस कार्यालयबाट सेवा प्रवाह भै रहेको छ । अन्तःशुल्क प्रशासन सम्बन्धमा रुकुम, रोल्पा, प्यूठान जिल्लामा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई सो को प्रशासन गर्ने अख्तियारी प्रदान भए पनि सल्यान र दाङ जिल्लामा अन्तःशुल्क प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरु आन्तरिक राजस्व कार्यालय, तुलसीपुरबाट नै हुने गरेको छ ।

## दरबन्दी तथा पदपूर्तिको अवस्था

हाल यस कार्यालयमा १९ जना कर्मचारीहरुको स्वीकृत स्थायी दरवन्दी रहेकोमा १७ जना पदपूर्ति भई सोही अनुसार कार्य सम्पादन गर्दै आएको छ ।

**घरजग्गा :** तुल्सीपुर नगरपालिका वडा नं. ५ को आफ्नै स्वामित्वमा रहेको कि.नं. ३८५/घ को ०-६-१२ (५ कठ्ठा वाह्र धुर) जग्गामा २०४६ सालमा निर्मित कार्यालयको मूल भवनका साथै यसै परिसरमा रहेका अन्य २ वटा भवनमा कार्यालयको फाइलिङ व्यवस्थापनका साथै कार्यालय प्रमुख र अधिकृत कर्मचारीका साथै पाहुना कोठाको रुपमा प्रयोग गरिरहेको अवस्था छ । समयक्रमसँगै करदातामैत्री नयाँ भवन निर्माण गर्नु पर्ने अवस्था रहे पनि जग्गाको अपर्याप्तताका कारणले नयाँ घर निर्माण गर्न नपुग्ने अवस्था छ । गत वर्ष कार्यालयको यही पुरानो भवनलाई नै करदातामैत्री कार्यढाँचामा रुपान्तरण गरिएको छ । हाल सेवा प्रवाहमा सरलता हुनुका साथै आधुनिक पद्दतिबाट करदाताले आफ्ना सम्पूर्ण विवरणलाई अनलाईनमार्फत पेश गर्न र १ घण्टाभित्र सम्पूर्ण सेवा प्राप्त गर्न सकिने भएको छ । यसको अलावा तुलसीपुर नगरपालिका वडा नं ६ कि.नं. ९७९/ख को ०-२-०८ (दुई कठ्ठा आठ धुर) .को जग्गा साविकमा मूल्य अभिवृद्धि कार्यालयको नाममा खरीद गरी हाल यसै कार्यालयको स्वामित्वमा रहेको छ । उक्त जग्गामा हाल कुनै संरचना निर्माण गरिएको छैन ।

**करदाता सम्बन्धी विवरण :** २०७२ कार्तिक मसान्तसम्ममा करदाताको संख्या निम्न बमोजिम रहेको छ :-

| Paricular*s* | Business | Individual | Personal Pan | Total |
|---|---|---|---|---|
| Excise | 5 | 403 | 0 | **408** |
| Income Tax | 3522 | 24252 | 0 | **27774** |
| VAT | 602 | 2992 | 0 | **3594** |
| Personal Pan | 0 | 88 | 16314 | **16402** |
| **Total** | **4129** | **27735** | **16314** | **48178** |

- ✓ चालु आ.व. २०७२।७३ मा २५६९ करदाता थप भई करको दायरा फराकिलो बन्दै गएको छ ।
- ✓ चालु आ.व. देखि शत् प्रतिशत विवरणहरु अनलाइनमार्फत प्राप्त गर्ने गरिएको छ ।
- ✓ कार्यालयको कार्यक्षेत्रमा रहेका जनसंख्याको आधारमा दर्ता भएका करदाताको संख्या २.२० प्रतिशत रहेको छ ।

## कार्यालयको प्रगति समीक्षा

**वार्षिक बजेट तथा कार्यक्रम :** आ.व. २०७१।०७२ मा कूल विनियोजित बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको छ :-

| आ.ब. २०७१/०७२ मा बिनियोजित बजेट र खर्चको स्थिति | | |
|---|---|---|
| चालू बजेट | | |
| बिनियोजन रु. | खर्च रु. | प्रतिशत |
| १४२८८०००।०० | १३९६४६४१।०१ | ९७।७४ |
| पुंजीगत बजेट | | |
| बिनियोजन रु. | खर्च रु. | प्रतिशत |
| ३८०००००।०० | ३५८२८१०।१३ | ९४।२८ |

त्यस्तै चालु आ.व. २०७२/७३ को कूल बजेट, निकसा र खर्चको अवस्था निम्नानुसार भएको छ:

| आ.ब. २०७२/०७३ को प्रथम चौमासिकसम्म बिनियोजित बजेट र खर्चको स्थिति | | |
|---|---|---|
| चालू बजेट | | |
| बिनियोजन रु. | खर्च रु. | प्रतिशत |
| १३०१४०००।०० | ३५६७६७८ | २७।४१ |
| पुंजीगत बजेट | | |
| बिनियोजन रु. | खर्च रु. | प्रतिशत |
| ५८०००००।०० | ४८९८५।०० | ०।८४ |

**अभिलेख व्यवस्था :** मौजुदा फाइल व्यवस्थापनलाई सुधार गरी पर्याप्त ऱ्याक सहित फाइल कक्षको क्षमता बृद्धि गरी खोजेको बखत नै सम्बन्धित करदाताको फाइल उपलब्ध हुने व्यवस्था मिलाइएको छ । कम्प्युटर प्रणालीबाट जो कोहीले कुन ऱ्याकको कुन घर्रामा आफूलाई चाहिएको फाइल छ सहजै पत्ता लाग्न सक्ने अवस्थाले


अवैध मदिराको कारोवार तथा उपभोग कहिल्यै नगरौं ।

कार्यसम्पादनका सहजता भएको छ । शत् प्रतिशत विद्युतीय माध्यमबाट विवरण बुझ्ने गरेपछि कम्प्युटरीकृत अभिलेख व्यवस्था समेत चुस्त बनेको छ ।

**लक्ष्य र असुली:** यस कार्यालयको गत आ.व. २०७१।७२ तथा चालु आ.व. २०७२।७३ को प्रथम चौमासिकको राजस्व असुलीको लक्ष्य र प्रगतिको विवरण निम्नानुसार रहेको छ :-

कार्यालय रहेको थियो । यसरी हेर्दा ए प्लस प्लस सहितको यो उपलब्धीले अन्य कार्यात्मक लक्ष्य प्राप्तिमा ज्यादै सन्तोष मान्नु पर्ने अवस्था देखिन्छ ।

चालु आ.व. २०७२।७३ को प्रथम चौमासिक अर्थात कार्तिक मसान्तसम्मको कार्यात्मक लक्ष्य प्राप्तीतर्फ हेर्दा ए प्लस कै अवस्थामा रहेको छ । राजस्व संकलनका हरेक महिना

| आ.व. | आ.व. २०७१/०७२ | | | चालु आ.व. २०७२/०७३ प्रथम चौमासिक | | |
|---|---|---|---|---|---|---|
| शिर्षक | लक्ष्य | असुली | प्रगति प्रतिशत | लक्ष्य | असुली | प्रगति प्रतिशत |
| आयकर | ३८८७५० | ४२५४६० | १०९।४ | १४०८११ | ९५३८८ | ६७।७४ |
| वहालकर | ५९२९१ | ३६०४५ | ६०।८ | ११७६२ | १५६६१ | १३३।१५ |
| व्याजकर | २५७२६ | २००७७ | ७८।० | १०१६६ | ८९८२ | ८८।३५ |
| म.अ.कर | २१९४७८ | १९६८३५ | ८९।७ | ८४४८६ | १२१७८६ | १४४।१५ |
| अन्त:शुल्क | ४६३७९ | ६३४२६ | १३६।८ | २२७४८ | ३२६५६ | १४३।५६ |
| स्वास्थ्य सेवा कर | १९३५ | १८९६ | ९८।० | २४५ | ५७४ | २३४।२९ |
| शिक्षा सेवा कर | ५४७६ | ४६९४ | ८५।७ | ११६७ | ११०३ | ९४।५२ |
| कूल | ७४७०३५ | ७४८४३३ | १००।२ | २७१३८५ | २७६१५० | १०१।७६ |

**राजस्व असुलीको प्रवृत्तिगत विश्लेषण :** माथिको तालिकाबाट के अवगत गर्न सकिन्छ भने आ.व. ०७१।७२ मा कूल राजस्व असुलीमा लक्ष्यको शत् प्रतिशत प्रगति भएको छ । यो उपलब्धी विगत आ.व. २०७०।७१ को असुली भन्दा १२५ प्रतिशत बढी हो । सो आ.व.मा कूल राजस्व संकलनमा आयकरको हिस्सा सबभन्दा बढी ५२.०४ प्रतिशत रहेको छ, जुन लक्ष्यको तुलनामा १०९ प्रतिशत हुन आउँछ । त्यस्तैगरी लक्ष्यको तुलनामा सबैभन्दा बढी प्रगति अन्त:शुल्क राजस्व रहेको छ, जुन लक्ष्यभन्दा १३७ प्रतिशत बढी उपलब्धी हासिल भएको छ । त्यस्तैगरी यो आ.व.को प्रथम चौमासिकमा देशको विद्यमान विषम परिस्थितिमा समेत राजस्व संकलनको लक्ष्य अनुसार शतप्रतिशत उपलब्धी हासिल भएको छ ।

**अन्य कार्यात्मक लक्ष्य प्राप्तीको अवस्था :** आ.व. २०७१/०७२ मा विभागको आन्तरिक अनुगमन प्रणालीमा रहेको तथ्यांक अनुसार समग्र कार्यसम्पादन ग्रेडिङ्गमा १०५.७५ रहेको थियो । जुन समग्र कार्यालयहरुको ग्रेडिङ्गमा पाँचौं स्थान हो जबकी सो भन्दा अघिल्लो आ.व. २०७०।७१ मा पैतिसौं स्थानमा

विभाजन गरेको मासिक लक्ष्य अनुसार नै संकलन भएको छ । चालु आ.व. का लागि प्रत्येक कार्यगत परिसूचकहरु समेटी शाखागतरुपमा मासिक सहितको वार्षिक कार्ययोजना तयार गरी सो को जानकारी विभागमा समेत दिई सोको अक्षरश: कार्यान्वयनमा कार्यालय प्रतिवद्ध भएर लागेको छ । यसबाट चालु आ.व.का समग्र कार्यात्मक लक्ष्य हासिल हुने अपेक्षा गरिएको छ । कर्मचारीहरुको समूह कार्य, सदाचारिता, नैतिकता, करदातामैत्री व्यवहार र उच्च अनुशासनको उचित संयोजनले तोकिएका लक्ष्य हासिल गर्न सकिनेमा कार्यालय विश्वस्त रहेको छ । अनुकुल कार्य वातावरण, सफा र आकर्षक कार्यालय परिसर, सेवाग्राहीलाई सेवा प्रवाह गर्ने नयाँ कार्यढाँचा, छिटो छरितो सेवा प्रवाहबाट सेवाग्राहीमा पाइएको सन्तुष्टिले कार्यालयको छविमा गुणात्मक सकारात्मक परिवर्तन आएको यस क्षेत्रका करदाता तथा सम्बद्ध अन्य पक्षबाट मुक्त कण्ठले गरिएको प्रशंसाले पनि लक्ष्य प्राप्तीमा उच्च कार्यउत्प्रेरणा सहित थप उर्जा प्राप्त भएको छ ।

**सम्पादन गरिएका उल्लेख्य कार्य :**

- ✓ मौजुदा कार्यालयको Layout सेवाग्राहीमैत्री बनाउन पुनर्संरचना गरिएको । पारदर्शी सेवा प्रवाह प्रणालीबाट सेवाग्राहीले एक स्थानबाट अर्को स्थानमा पुग्दा सबै सेवा प्राप्त गर्नसक्ने ढाँचा (Process re-engineering with One Stop Service)।
- ✓ कार्यालय परिसरमा निजी क्षेत्र (राप्ती अंचलका सबै उ.वा.संघहरु) सँगको सहकार्य र साझेदारीमा करदाता सहायता कक्ष (Help Desk) को स्थापना र संचालन ।
- ✓ बेरुजु विहीन कार्यालय बनाउन सफल ।
- ✓ बहाल आय आर्जन गर्ने सबै बहाल धनीलाई करको दायरा ल्याउन रणनैतिक योजनाको आरम्भ। परिणामस्वरुप गत आ.व.मा करीब १६० बहाल धनीलाई स्था.ले.नं प्रदान गरी बहाल कर पुस्तिका वितरण तथा चालु आ.व.को प्रारम्भदेखि नै विवरण बुझाउँदा, कर चुक्ता प्रमाण-पत्र प्रदान गर्दा तथा खाता प्रमाणित गर्दा नै बहाल धनी र बहालमा बस्नेको बहाल सम्झौता सहित बहाल कर असुल गर्ने कार्य शुरुआत गरिएको र बहाल धनीलाई अनिवार्य स्था.ले.नं. लिने प्रणाली प्रारम्भ गरिएको । यसको कार्यान्वयनको प्रारम्भबाट नै बहाल करको रकम तेब्बरले बृद्धि भएको छ ।
- ✓ शत् प्रतिशत विवरणहरु online system बाट मात्र प्राप्त गर्ने गरिएको ।
- ✓ कार्यालयमा CCTV जडान गरी सुरक्षा प्रणाली र आन्तरिक अनुगमन प्रणाली प्रभावकारी भएको ।

**३. अन्य :**

**करदातालाई प्रवाह गर्नुपर्ने जानकारी मूलक सूचना र सन्देशहरु :** नियमित रुपमा करदाताहरुलाई करदाता शिक्षा, प्रशिक्षण, सार्वजनिक संचारको प्रयोग लगायतका स्थानिय एफ.एम.हरुबाट कर जागरण सन्देशहरुको प्रसारणको माध्यमबाट करदाताहरु सूसुचित भएका छन् । यसबाट "करसँग डर होइन, भर गरौं" को भावना जागृत भई कर सहभागितामा समेत बढोत्तरी भएको छ । स्पष्ट बुझ्न र पढन सकिने नागरिक बडापत्र, कार्यालयको अनुरोध तथा कार्यालयको मूल्य, मान्यता सहितको कार्यालयको प्रतिवद्धता जस्ता सूचनामूलक सामाग्री करदाता कार्यालय परिसरमा

प्रवेशसँगै देख्न र पढन सक्ने गरी प्रदर्शन गरिएबाट करदातामा कर प्रशासन प्रति मैत्रीभाव सृजना भएको छ ।

त्यस्तैगरी राष्ट्रिय कर दिवस तथा कर सप्ताहमा संचालन गरिएका विविध चेतनामूलक कार्यक्रमहरु जस्तैः कर सम्बन्धी कविता प्रतियोगिता, कर र लेखा सम्बन्धी हाजिरी जवाफ प्रतियोगिता, अडिटर्स एसोशियसनसँग सहकार्य गरी समूहगत रुपमा संचालन गरिएका करदाता शिक्षा कार्यक्रम, प्याव्सन र एन प्याव्सनसँगको सहकार्यमा शिक्षा सेवा शुल्क सम्बन्धी तालिम कार्यक्रम, अन्तरक्रिया तथा रेडियो अन्तरसंवाद आदि जस्ता कार्यक्रबाट करदातामा यथासक्य सूचना र सन्देशहरु प्रवाह हुने गरेका छन् ।

## आगामी दिनमा गर्नुपर्ने सुधारको रणनीति :

### १. कर संकलन रणनीति :

- मु.अ.कर बक्यौता रहने करदाताहरुलाई भाद्र महिनामा बक्यौता सूची तयार गरी भाद्र महिनाभित्र बक्यौता फछ्यौंटका लगि पत्राचार गर्ने कार्ययोजना रहेको ।
- दोश्रो चरणमा संकलन भ्रमण कार्ययोजना बनाई चेतावनी पत्रसहित स्थलगत भ्रमण गर्ने । (कार्तिक र मंसिर महिनामा)
- माघ महिनादेखि मु.अ.कर ऐन, ०५२ को दफा २१ अनुसार कानूनी कारवाही शुरु गर्ने ।
- आयकर बक्यौता लगत संख्या न्यून रहने अवस्था भएकाले व्यक्तिगत तहमा सम्पर्क स्थापना गरी असुल गर्ने, दाखिला नगर्ने करदातालाई आयकर ऐन अनुसार कानूनी कारवाही प्रक्रियाबाट असुल उपर गर्ने ।
- निजी शिक्षण संस्था र स्वास्थ्य सेवा संस्थाको सूची तयार गरी स्थलगत भ्रमणबाट कर संकलन गर्ने । (कार्तिक, फाल्गुन र आषाढ महिना)

### २. करदाता सेवा सम्बन्धी रणनीति :

- Non-Filer सम्बन्धमा : Non-Filer लाई वाञ्छित सीमामा राख्नका लागि आ.व. को प्रारम्भबाट नै कर चुक्ता, खाता प्रमाणित गर्ने कार्य कै समयमा मु.अ.कर विवरण बुझाउन अभिप्रेरित गरिने । करदाताको अभिलेखलाई अद्यावधिक गर्न सोही बखत सूचना अभिलेख फाराम भर्न लगाइ सूचना प्रणालीलाई व्यवस्थित गरिने ।
- बहाल कर सम्बन्धमा : करको दायरामा सबै

## कार्यसम्पादनमा आइपरेका समस्या र समाधानका उपायहरु :

| सि.नं | समस्याहरु | समाधानका उपायहरु |
|---|---|---|
| १ | करदाता सेवा सम्बन्धी<br>१. लामो समयसम्म मु.अ.कर विवरण नबुझाउनेहरुलाई दर्ता खारेजी गर्न नसक्नु<br>२. पहाडी जिल्लाहरुमा प्रभावकारी करदाता सेवा प्रवाह गर्न नसक्नु, कर सहभागिता लागत बढी हुनु । | १. विभागस्तरबाट नै यस सम्बन्धी नीति र कार्यविधि तयार गरी दर्ता खारेजी गर्न सबै कार्यालयहरुलाई एकरुपताका लागि परिपत्र जारी गर्नु पर्ने ।<br>२. रोल्पा र प्यूठान जिल्लालाई पायक पर्ने गरी एक र रुकुम र सल्यान जिल्लालाई पायक पर्ने गरी एक गरी दुईवटा करदाता सेवा कार्यालय स्थापना गरी तदनुरुपको कार्यक्षेत्र तोकी करदातालाई कर प्रशासनको सहज पहुँच स्थापना गर्नु पर्ने । यसो गर्दा ५ हजारभन्दा बढी करदातालाई एक सेवा केन्द्रबाट सेवा प्रवाह हुने । |
| २ | कर संकलन सम्बन्धी<br>१. कार्यालय परिसरमा बैंक काउन्टर स्थापना नहुनु<br>२. गैर नेपाली नागरिक व्यवसायी भागी वेपत्ता भएको र निजको बक्यौता बाँकी रहेकोमा असुल गर्न नसक्नु । | १. दाङ्ग जिल्लामा २ भिन्न बैंकहरु घोराहीमा ने.बै.लि. र तुलसीपुरमा रा.वा. बैंकबाट राजस्व संकलन गर्ने काम भै रहेकोमा रा.वा. बैंकको सेवाबाट विभिन्न समस्याहरु आइरहने भएकाले कार्यालय परिसरमा एभरेष्ट बैंकको काउन्टर स्थापना गर्न विभागले पहल गर्नुपर्ने ।<br>२. ज्यादै पुराना र तत्कालीन अवस्थामा पर्याप्त धरौटी समेत नभएकोले त्यस्ता करदाताको स्थानीय प्रशासन तथा स्थानीय निकाय आदिबाट समेत खोजी प्रयत्न गरी नभेटिएको प्रमाण संकलन गरी मिन्हाको कारवाही अघि बढाउन मिल्ने व्यवस्थ गराउने वा कर फछ्यौंट आयोगलाई कार्यालयले फछ्यौंटको लागि पेश गर्ने व्यवस्था मिलाउनु पर्ने । |

करदातालाई समेट्न आय विवरण बुझाउँदा नै बहाल आय आर्जन गर्ने बहालधनीलाई स्था.ले.नं. प्रदान गरिने तथा घरबहालमा बस्ने व्यवसायीलाई परम्परागत न्यूनतम रकम कर टि.डि.एस.को रुपमा दाखिला गर्नुका साटो यथार्थ बहाल रकमलाई घोषणा गराउन घरबहाल सम्झौता फाराम कार्यालयले नै नमूनाको रुपमा उपलब्ध गराई अनिवार्य रुपमा संकलन गरिने र बहालधनीलाई पछि सम्पर्क गरी करको दायरामा ल्याइने ।

- Taxpayer Help Desk संचालन सम्बन्धमा :सबै विवरणहरु विद्युतीय माध्यमबाट प्रविष्ट (online entry) गराउन, कर कार्यालयप्रति करदाताको अपनत्व बढाउन,उद्योग वाणिज्य संघहरु र कार्यालयको समन्वय, सहकार्य तथा हार्दिकता बढाउन, उद्योग वाणिज्य संघले नै संचालन गर्ने भएकाले निसंकोच रुपमा करदाताले आफ्नो जिज्ञासा र कर सम्बन्धी विषयमा जानकारी पाउन,करदाताको कर सहभागिता लागत घटाउन (सबै सेवाहरु एउटै कक्षबाट उपलब्ध हुने) PPP Model मा स्थापना

गरिएको उद्योग वाणिज्य संघको करदाता सहायता कक्ष ज्भउि म्भकप लाई अझ सुदृढ र दीगो बनाइने ।

- उद्योग वाणिज्य संघहरुसँग सहकार्य गरी आवश्यकता अनुसार अन्तरक्रिया तथा घुम्ती शिविर संचालन गरिने ।
- मु.अ.करको त्जचभकजयमि मा नपर्ने करदातालाई मु.अ.कर दर्ता खारेजी गर्न अभिप्रेरित गरिने ।
- करदातामैत्री कर प्रशासनको अवधारणालाई मूर्तरुप दिन माग र आवश्यकता अनुसार करदाता शिक्षा कार्यक्रमलाई कर प्रशिक्षक समेतको परिचालन गरी कार्यक्षेत्रमा रहेका सबै करदाताको पहुँच स्थापना गरिने ।

३. कर परीक्षण र अनुसन्धान रणनीति :

- पूर्ण कर परीक्षण तथा अनुसन्धानात्मक कर परीक्षणका लागि छनौट गरिएका करदाताहरुको म्यादभित्रै अनुसन्धान तथा कर परीक्षण गरिने साथै चालु आ.व. का लागि राजस्व जोखिमका क्षेत्रलाई मध्यनजर गरी अन्य मानदण्ड समेतलाई ध्यान दिई करदाताको छनौट गरिने ।
- चालु बर्षको कर परीक्षणलाई प्राथमिकता दिई बजार अनुशासनलाई वाञ्छित अवस्थामा राख्न केन्द्रित हुने ।

**अन्य निकायसँगको अपेक्षा :**

विभागसँग :

- उपत्यका वाहिरका कर अधिकृतहरुलाई क्षमता विकास सम्बन्धी स्वदेश तथा विदेशमा हुने तालिममा सहभागि गराउनुपर्ने ।
- निरन्तर रुपमा विभागीय निरीक्षण तथा अनुगमन गरी कर्मचारीमा कार्यउत्प्रेरणा तथा Best Practices लाई कार्यान्वयन गराई गुणस्तरियता ल्याउनुपर्ने ।
- रिक्त दरबन्दीलाई आ.व.को शुरुमा नै पूर्ति गरी जनशक्ति व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने ।
- दण्ड र पुरस्कारको अवधारणालाई अनुभुत हुने गरी कार्यान्वयन गरिनुपर्ने । सम्बद्ध निकायहरु उ.वा. संघहरु, वस्तुगत संघहरु, गैर सरकारी संस्थाहरु, जिल्ला प्रशासन कार्यालय, प्रहरीका दुवै सुरक्षा निकायहरु, भन्सार तथा राजस्व अनुसन्धान विभागसँग समग्र लक्ष्य प्राप्तीका कार्यमा उचित समन्वय र सहकार्यको अपेक्षा गरिएको छ ।

## भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ ।

## मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं

वर्ष ३, अङ्क ६, २०७२ पुस Year 3, Issue 6, Janaury 2016

# करदाता सेवा कार्यालय कलंकी




### कार्यालयको संक्षिप्त परिचय :


**स्थापना :** आर्थिक क्रियाकलापमा आएको वृद्धिले करदाता संख्यामा ल्याएको वढोत्तरी र कारोवारको विस्तारलाई दृष्टिगत गरी करदाता सेवा कार्यालयको स्थापना गर्न सरकारले ल्याएको नीति अनुरुप यस कार्यालयको स्थापना भएको हो। यही सरकारी नीति अनुरुप यस कार्यालयले करदातालाई नजिकवाट सेवा प्रदान गर्ने लक्ष्यका साथै करको दायरा विस्तार गरी कर सहभागितको स्तर उच्च वनाउन करदाता मैत्री कर प्रशासनको अवधारणा अनुरुप २०६८ साल आषाढ २४ गते यस कार्यालयको स्थापना भएको हो ।

| पद | दरवन्दी संख्या | पदपूर्ती संख्या |
|---|---|---|
| प्रमुख कर अधिकृत | १ | १ |
| कर अधिकृत | ८ | ७ |
| शाखा अधिकृत | १ | १ |
| कम्प्युटर अधिकृत | १ | १ |
| ना.सु. | ७ | २ |
| लेखापाल | १ | १ |
| कम्प्युटर अप्रेटर | ० | १ |
| टा.ना.सु. | ० | ० |
| सेवा करार डा.ई.सु. | ० | ५ |
| सेवा करार ह.स.चा. | ० | १ |
| सेवा करार कार्यालय सहयोगी | ० | १ |

कार्यालयमा हाल कायम रहेको १९ जनाको स्वीकृत स्थायी दरवन्दीमा १४ जनाको पदपूर्ति भई कार्यसम्पादन गर्दै आएको छ ।

**कार्यक्षेत्र :** करदाता सेवा कार्यालय कलंकी, का.म.न.पा. १४, कलकी चोकवाट दक्षिण पश्चिम रिडरोडमा अवस्थित छ । यस कार्यालयको कार्यक्षेत्र काठमाडौं महानगरपालिकाको वडा नं. १५, चन्द्रागिरी नगरपालिका, नागार्जुन नगरपालिका र धादिङ जिल्ला पर्दछ ।

- **दरवन्दी तथा पदपूर्तिको अवस्था (स्थायी, अस्थाई वा करार) :** यस कार्यालयमा पदपूर्तिको अवस्था देहाय वमोजिम रहेको छ ।
- **घरजग्गा :** कार्यालयको आफ्नै घर तथा जग्गा नरहेको। स्थापना कालदेखिनै घर वहालमा लिई कार्यालय संचालनमा रहेको छ। कार्यालयको सेवा प्रवाहमा देखिएको चाप तथा थपिएको कार्य जिम्मेवारी संगै कार्यालयको स्थायित्व तथा सेवा प्रवाहमा सुविधा तथा सुरक्षाको लागि आफ्नै भवन निर्माण गर्न जग्गा खोजिको कार्य भैरहेको अवस्था छ ।
- **करदाताका सम्वन्धी विवरण :** २०७२ कार्त्तिक सम्मको तथ्याङकको आधारमा हेर्दा यस कार्यालयले कूल २८४६७ करदाताको प्रशासन गर्दछ । यस मध्ये व्यावसायिक करदाता १९९४८ व्यक्तिगत रुपमा पारिश्रमिक, घर वहाल जस्ता कर दाखिला गर्नुपर्ने दायित्व भएका करदाता ८५१९, मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता संख्या ३७७८ र अन्त:शुल्कजन्य वस्तुको कारोवार गर्ने करदाता संख्या ७८७ छन् ।
- **कार्यालयको कार्यप्रवाह तालिका :** यस कार्यालयवाट सम्पादन गरिने कार्यहरुलाई प्रभावकारी ढंगवाट संचालन गर्न र करदातालाई छिटो छरितो सेवा प्रदान गर्नका लागि Functional basis मा करदाता सेवा शाखा, संकलन शाखा र कर परीक्षण तथा अनुसन्धान शाखाका प्रत्येक अधिकृत तथा कर्मचारीहरुलाई कार्य जिम्मेवारी तोकिएको र सोही वमोजिम कार्य संचालन भएको छ । कार्यालयको कार्यप्रवाहलाई देहाय वमोजिक तालिकामा प्रस्तुत गरिएको छ ।




### कार्यालयको प्रगती समीक्षा :

- **वार्षिक वजेट तथा कार्यक्रम :** चालु आर्थिक वर्षमा यस कार्यालयको लागि चालु व.उ.शि.नं. ३०५०२१३ तर्फ रु १,७७,१३,००० र पूजिगत व.उ.शि.नं. ३०५०२१४ तर्फ रु ३,००,००० समेत जम्मा रु १,८०,१३,००० विनियोजन भएको छ। सो विनियोजित वजेट मध्ये कार्त्तिक महिनासम्ममा चालु तर्फ रु ५३,५५,२५५ र पूंजिगत तर्फ रु ३,००,००० खर्च भएको छ ।
- **अभिलेख व्यवस्था :** यस कार्यालयमा दर्ता भएका करदाताहरुको फाईललाई चाहेको वेला तुरुन्त निकाल्न सकिने गरी कम्प्युटर प्रणालीमा प्रविष्टि गरी location मा चुस्त, दुरुस्त र

पारदर्शी तरिकाबाट राखिएको छ ।

- **लक्ष्य :** राजस्व संकलनको लक्ष्य असुली तर्फ विश्लेषण गर्दा यस कार्यालयको लागि आ.व. २०७२/०७३ मा रु ९२ करोड १९ लाख ३४ हजार तोकिएको छ । कार्त्तिक महिनासम्मको लक्ष्य रु ३० करोड नौ लाख चौध हजार रहेकोमा सो अवधी सम्ममा रु २७ करोड ४० लाख ९७ हजार संकलन भै लक्ष्यको तुलनामा ९१.०९ प्रतिशत प्रगती भएको छ । गत वैशाखमा गएको महाभूकम्प र मधेश आन्दोलन र अघोषित नाकावन्दीका कारण राजस्व संकलन चुनौतीपूर्ण वन्दै गएको छ ।
- **असूली :** यस कार्यालयको विगत ३ वर्षको राजस्व असुलीको प्रवृत्ति निम्न वमोजिम रहेको छ ।

| आ.व. | २०६९/०७० | २०७०/०७१ | २०७१/०७२ |
|---|---|---|---|
| लक्ष्य | १४४५०५३ | ७५५६६२ | ६६५७९० |
| संकलन | ९७८५९२ | ८२२७०७ | ७९१७०० |
| प्रतिशत | ६७.७२ | १०८.८७ | ११८.९१ |

- **अन्य कार्यात्मक लक्ष्य प्राप्तिको अवस्था :** आ.व. २०७१/०७२ मा कार्यालयको लागि तोकिएका मुख्य मुख्य कार्यात्मक लक्ष्य तथा प्रगती निम्न वमोजिम रहेको छ ।

| सूचक | लक्ष्य | प्रगती | प्रतिशत |
|---|---|---|---|
| Loss recovery (in 0000 | 500 | 12183 | 2437 |
| AA in IT (in 0000 | 3000 | 3501 | 117 |
| MA in VAT (in 000) | 2500 | 8219 | 329 |
| Excise (in 000) | 150 | 1752 | 1168 |
| Detail Investigation | | | |
| Assessment of IT (000) | 5000 | 6869 | 137 |
| Assessment of VAT (in 000) | 10000 | 30734 | 307 |
| MA in VAT (in 000) CYA | 2000 | 5429 | 271 |
| Issuance of PIT (No) | 2036 | 2625 | 129 |
| Rapid verification (amount 000) | 2325 | 2724 | 117 |
| Force Registration in VAT (No) | 128 | 141 | 110 |
| Beruju clearance (in 000) | 25584 | 9173 | 36 |
| Collection of it dues(000) | 7116 | 7836 | 110 |
| Collection of VAT dues | 37428 | 30231 | 81 |

- **वार्षिक कार्ययोजना कार्यान्वयनको समीक्षा :** कार्ययोजना वमोजिम आर्थिक ऐन, २०७२ ले गरेका छुट सुविधा तथा व्यस्थाहरुको प्रचार प्रसारको कार्य गरिएको, Non filer घटाउन कर्मचारी नै तोकी करदातालाई टेलिफोन सम्पर्क गरी जानकारी गराउने गरिएको साथै करदाताको प्रोफाईल तयार गर्ने कार्य समेत भैरहेको छ । कार्यालयको वार्षिक कार्ययोजना वमोजिम कार्यालयलाई तोकिएको कार्यात्मक लक्ष्यलाई आवद्ध गरी सवै शाखावाट कार्य सम्पादन गरिएको ।
- **सम्पादन गरिएका उल्लेख्य कार्य :** गत वर्षको आर्थिक ऐन, २०७१ को व्यवस्था वमोजिम डे ०१ मिसम्याच भएका २७१ करदातामध्ये १८१ करदाताले वास्तविक कारोवार घोषणा गरि रु १ करोड २८ लाख कर दाखिला गराईएको । घर वहाल सर्वेक्षक नियुक्ति गरी निजहरुको परिचालन गरी वहाल कर असुलीलाई प्राथमिकता दिईएको । दर्ता भएका करदाता तर पूरा सूचना उपलव्ध नभएका करदाताहरुलाई सम्पर्क गरी KYT फारम भराई करदाताको सूचना अद्यावधिक गर्ने कार्य भैरहेको ।

## अन्य

**करदाताहरुलाई प्रवाह गर्नुपर्ने जानकारीमूलक सूचना तथा सन्देशहरु :**

- कार्यालयको कार्यक्षेत्र भित्रका करदाताहरुसंग समय समयमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरी आर्थिक ऐनले व्यवस्था गरेका छुट सुविधाहरु तथा अन्य कर सम्वन्धि सूचनामूलक जानकारी प्रदान गर्ने गरिएको ।
- करदाताहरुसँग सम्वन्धित उद्योग वाणिज्य संघ, लेखापरीक्षक व्यवसायीहरु, कर सहयोगीहरुसँग समय समयमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने गरिएको ।

**कार्यालयको दैनिक कार्यसम्पादनमा आईपरेका समस्याहरु :**

- आफ्नै कार्यालय भवन नहुंदा सुरक्षा सम्वन्धी समस्या रहेको ।
- दरवन्दी अनुसार पदपूर्ती हुन नसकेकाले सेवा प्रवाह प्रभावित हुंने गरेको ।
- विवरण वुझाउने अन्तिम समयमा Server Slow हुने तथा Server ले कामै नगर्ने जस्ता समस्या हुने गरेको ।

**समाधानका लागि गरिएका प्रयास एवं अन्य नविनतम कार्य :**

- विभिन्न व्यावसायी संघ संगठनहरुसंगको समन्वयमा करदाता शिक्षा कार्यक्रम संचालन गरी कर सम्वन्धी जानकारी प्रदान गरिएको ।
- Nonfiler घटाउन तथा वक्यौता असुलीका लागि करदातालाई ताकेता गर्ने गरिएको ।
- विवरण भर्न नजान्ने साना करदाताको लागि कार्यालयकै कर्मचारीवाट कम्प्युटरमा विवरणहरु प्रवृष्टि गरिदिने व्यवस्था गरिएको ।

**कार्यालयमा Help Desk को व्यवस्था :**

- करदाताले लिनुपर्ने आवश्यक सेवा र सो सेवा प्राप्त गर्नुपर्ने शाखाको बारेमा जानकारी दिई सहज रुपमा प्रवाह गरिएको ।

**आगामी दिनमा गर्नुपर्ने सुधार :**

- राजस्व संकलनको थप सम्भाव्यता अध्ययन तथा विश्लेषण गरि तोकिएको लक्ष्य अनुरुपको राजस्व संकलन गर्ने ।
- वक्यौता असुलीमा थप जोड दिई अटेर गर्ने करदातालाई कानुनी कारवाही गरी असुली गर्ने ।
- Non Filler को संख्या घटाउनका लागि लेखा परिक्षण व्यावसायी, करसहयोगी, उद्योगी व्यावसायीका संगठनहरुसंग समन्वय गर्ने ।
- गुणात्मक कर परीक्षण तथा अनुसन्धानमा जोड दिने ।

**अन्य निकायहरुसंगको अपेक्षा :**

- विभागसंगको अपेक्षा :
  - कार्यालयको आफ्नै भवन निर्माणका लागि जग्गा तथा वजेटको व्यवस्था गरिनुपर्ने ।
  - रिक्त दरवन्दी परिपूर्तिको व्यवस्था गरिदिनुपर्ने ।
  - बजार तथा करदाताको कारोवार स्थलको अनुगमनका लागि कार्यालयको एकमात्र सवारी साधन अपुग भएको हुँदा विद्युतीय सवारीसाधनहरुको व्यवस्था गरिनुपर्ने ।
  - करदाताले विवरण पेश गर्ने अन्तिम समयमा Server मा समस्या आईरहने भएकाले High Speed Internet सेवाको व्यवस्था गरिनुपर्ने ।
- **करदातासंग अपेक्षा :**
  - आफ्नो वास्तविक कारोवार समयमै घोषणा गरी कर तिर्ने र कर कानुनको पूर्ण पालना गर्ने ।
  - कर सम्वन्धी सूचना तथा जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गरी सही सूचना तथा जानकारी लिने ।
  - करदाता शिक्षाको आवश्यकता भएमा कार्यालयसँग सम्पर्क गरि कर सहभागिता अभिवृद्धि गर्ने ।

**स्थानीय प्रशासन, उद्योग वाणिज्य संघ, पेशागत संघ संगठनसंग :**

- कर कानुनको पालना नगर्ने, कर सहभागिता नजनाउने उपर हुने कानुनी कारवाहीमा सहयोग पुऱ्याउने ।
- दर्ता, विवरण तथा कर दाखिला लगायतका कार्यमा सहयोग पुऱ्याउने ।
- आवश्यक परेको अवस्था सुरक्षाको प्रवन्ध गरिदिने ।

## अन्त्यमा,

**सम्वृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार : करदातामैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार** भन्ने चौथो कर दिवसको नारालाई सार्थकता दिन कार्यालमा उपलव्ध जनशक्ति, भौतिक साधन तथा सूचना प्रविधिको अत्याधिक उपयोग गरि कार्यसम्पादन गर्ने तर्फ कार्यालयको प्रतिवद्धता रहेको छ ।

# राष्ट्र निर्माणमा करको महत्व र करदाताको भूमिका

कीर्ति महर्जन
कक्षा : १०, लिटिल एन्जल्स स्कुल

राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक, विभिन्न क्षेत्रहरुको सुदृढीकरणका साथसाथै विकासलाई फस्टाउँदै जाने अथवा विस्तार गर्दै लैजाने कार्यलाई राष्ट्र निर्माणका रुपमा लिइन्छ । अहिलेको आधुनिक युगमा राष्ट्रले शासकीय सञ्चालन वा विकासका लागि विभिन्न गतिविधिहरु सुनिश्चित गरेका हुन्छन् । राष्ट्रले कसैको आर्थिक सहयोगबाट प्राप्त धन, ऋण र कर असुलबाट देशको ढुकुटीमा रकम सञ्चय गरेको हुन्छ । यो सञ्चय गरेको रकमले राष्ट्रको सामाजिक आर्थिक विकासमा प्रयोग गर्ने गर्दछ । राष्ट्रले आफ्नो राजस्व अर्थात् आयको मुख्य स्रोत करलाई नै मानेको हुन्छ किन भने वैदेशिक सहयोग र ऋणबाट परनिर्भर भई देशको विकास हुन सक्दैन । करबाट सञ्चित रकमले देशको निर्माण व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्छ । कानुन बमोजिम राष्ट्रले जनतामार्फत् प्राप्त गर्ने राजस्व तथा प्रचलित कानुन बमोजिम नागरिकले सरकारलाई बुझाउनु पर्ने रकम तथा राजस्वलाई नै कर भनिन्छ । राष्ट्रले सही र उचित कर प्रणालीद्वारा रकम संकलन गर्न सके राष्ट्रको विकासमा उल्लेखनीय परिवर्तन आउँदछ । यसैगरी करलाई भुक्तानी गर्ने देशका नागरिकहरु हुन्छन् । जसलाई करदाता भनिन्छ । करदाताले कर तिरेकै भरमा राजस्व संकलन हुने हो । यसले राष्ट्र निर्माण, कर र करदाता एक अर्कामा निर्भर रहेको जनाउँदछ ।

कुनै पनि व्यक्ति, संस्था तथा निकायले कर स्वरुप निश्चित रकम बुझाउँदछन् । करको दर विभिन्न कर अनुरुप तोकिएका हुन्छन् । एक राज्यको कर संकलन अर्को राज्यको कर संकलन पद्दतिबाट अलग हुन सक्दछन् । कर क्षेत्र, कर संकलन गर्ने तरिका, आदिबाट विभिन्न किसिमहरुमा विभाजन गरिएको हुन्छ । जस्तै, आय कर, भन्सार शुल्क, पारिश्रमिक कर, घर जग्गा कर, आयात निर्यात कर, घर जग्गा रजिष्ट्रेसन कर, हवाइ कर इत्यादि । भन्सार नाकाबाट विदेशबाट स्वदेशमा आयात हुने वस्तुमा राष्ट्रले आयात कर तोकेको हुन्छ र स्वदेशमा उत्पादित वस्तुलाई विदेशमा निर्यात गर्न निर्यात कर सुनिश्चित गरेको हुन्छ । भन्सार करबाट प्राप्त राजस्व देशको ढुकुटीमा पचास प्रतिशत योगदान मिल्दछ । करहरु भार र प्रभावका दृष्टिकोणले हेर्ने हो भने प्रत्यक्ष र अप्रत्यक्ष दुई प्रकारमा विभाजित हुन्छन् । जुन कर प्रणालीमा भार र प्रभाव एकै पक्ष वा व्यक्तिमा हुन्छ । त्यसलाई प्रत्यक्ष कर भनिन्छ भने जुन करमा भार एक पक्षमा र प्रभाव अर्को पक्षमा पर्छ त्यसलाई अप्रत्यक्ष कर भनिन्छ । यो दुई प्रकारका करको आफ्नै विशेषता र अवगुण छन् । प्रत्यक्ष करले सामाजिक न्यायलाई ओगटेको हुन्छ भने अप्रत्यक्ष करले सामाजिक न्यायलाई अपनाएको हुँदैन । प्रत्यक्ष करमा आय अनुरुप कर असुल गरिने भएकाले गरिवलाई सहज हुन्छ । तर यो प्रणाली अर्को भन्दा असुविधाजनक छ । अप्रत्यक्ष करले मानव स्वास्थ्यलाई हानिकारक सूर्तिजन्य पदार्थमा उच्च शुल्क असुल गरी त्यसको नियन्त्रणमा पनि सहयोग पुऱ्याउँदछ । एक हिसावले हेर्ने हो भने करले सामाजिक उन्मुलनलाई केही हदसम्म हटाउन महत्वपूर्ण भूमिका खेल्छ ।

करद्वारा राजस्व संकलन त गरिन्छ तर उक्त रकमलाई कसरी र कहाँ उपयोग गर्नुपर्छ भन्ने कुरामा सरकारले मनन गर्नुपर्ने स्थिति आउँछ । राष्ट्रमा अपनाइने हरेक विकासका गतिविधिलाई सफल पार्न करबाट प्राप्त राजस्वकै आवश्यकता पर्दछ । राष्ट्र निर्माणमा महत्वपूर्ण हुनछ शान्ति र सुव्यवस्था । यही शान्ति र सुव्यवस्थाका लागि तैनाथ देशको प्रशासनका सदस्य, फौजी, प्रहरी, मन्त्रीदेखि पिउन सवैको आधारभूतका सामग्रीका लागि राजस्वको प्रयोग गरिन्छ । यसरी राजस्वबाट सामान्य खर्च गरी देशको शान्ति, सभ्यतालाई कायम राखी अन्य विकासका खर्च गर्न सकेको हुन्छ । उचित कर प्रणालीद्वारा आद्योगिक क्षेत्र, कृषि क्षेत्रका निमित्त विकासमूलक गतिविधि अपनाउन सकिन्छ र यही औद्योगिक, कृषि, व्यापारिक क्षेत्रले रोजगारीको अवसर प्राप्त गराई देशको अर्थतन्त्र अभिवृद्धि गर्न ठूलो योगदान दिइरहेको हुन्छ । विगतमा कर स्रोत साधनको न्यायपूर्ण वितरणका लागि निर्धारित गरिन्थ्यो भने अहिले वर्तमान कालमा कर विभिन्न विकासका कार्य एवं देशलाई समृद्ध र सम्पन्न बनाउन प्रयोग गरिएको पाइन्छ । यसैगरी शिक्षामा, बाटोघाटो निर्माण, भवन निर्माण, स्वास्थ्य क्षेत्र इत्यादिमा करको उचित प्रयोगद्वारा देशको विकासमा टेवा पुऱ्याउने राजस्व भएकाले करको राष्ट्र निर्माणमा ठूलो भूमिका रहेको छ ।

विभिन्न उपभोग्य वस्तुमा, सामानमा, कार्यमा करको दर निश्चित गरेमा मात्र देश निर्माण हुन सक्दैन । राष्ट्र निर्माणका लागि त करदाताको भूमिका पनि अनिवार्य हुन्छ । कर राष्ट्रको आधारस्तम्भ जव बन्छ तव करदाताले आफ्नो कर्तव्य बुझेर नियमपूर्वक आफूले कर भुक्तानी गर्छ । राष्ट्र निर्माणलाई सुमधुर र विना रोकावट पूर्ण गतिमा अघि बढाउनु छ भने 'एक हातले ताली बज्दैन' भन्ने उखान सम्पूर्ण नागरिकले बुझ्नु पर्छ । नागरिक जव करदाताको भूमिकामा हुन्छ । तव उसले इमान्दारीपूर्वक कर भुक्तानी गर्नु पर्दछ । आफ्नो आयवारे गलत जानकारी गराउने, कर छल्न खोज्ने कार्य अपराधका रुपमा लिइन्छ । यसका लागि राष्ट्रले कर कानुन अनुरुप विभिन्न नियम तथा सजायको तर्जुमा गरेको हुन्छ । करदाता राष्ट्र निर्माणका लागि एक अपराधिको हैन उक सभ्य नागरिकको भूमिकामा आउनुपर्छ । कर तिर्नु आफ्नो कर्तव्य हो, आफ्नो योगदान हो भन्ने मनसाय बोकेर करदाताले आफ्नो कर्तव्यापन गर्नुपर्दछ । आखिरमा आफूले तिरेको कर आफ्नै राष्ट्रको विकासका लागि योगदान गरिएको हुन्छ । राष्ट्रको विकास पछि सुख सुविधाको उपभोग आफै नागरिकले नै गर्ने हुन् । कर देशलाई गरिने अनिवार्य योगदान हो भन्ने बुझ्ने विवेकशील मानवको प्रतिनिधित्व करदाताले गर्नुपर्छ ।

करदाताले कर तिरेपछि करदाताको भूमिका सजिलै सिद्धिदैन । करदाताले आफूले बुझाएको रकम सही स्थानमा उपयोग भएको छ कि छैन भन्ने कुरालाई बुझ्नु आवश्यक हुन्छ । करदाताले तिरेको रकम राजकर्मचारीद्वारा अनुचित तथा स्वार्थका लागि उपयोग हुन सक्छ र भ्रष्टाचारद्वारा देशको राजस्वमा खलबली हुन सक्दछ । करदाताले बुझाएको राष्ट्रको हितका लागि

मात्र सदुपयोग गर्ने कुरालाई बुझेर करदाताले कर कानुन बमोजिम नियमहरु बुझ्न आवश्यक हुन्छ। नियम कानुन बुझेर मात्र होइन राष्ट्रको पूँजीलाई छेडछानी गर्ने अपराधीलाई सामाजिक बहिस्कार गर्ने, कानुनले तोकेको सजाय दिलाउने भूमिका एक करदाताले निभाउनुपर्छ। देशको राजस्व सही व्यक्तिको हातमा पुगेको छ वा छैन भन्ने कुरामा सचेत भई करदाताले भ्रष्टाचारमुक्त प्रशासन तथा समाजलाई बनाउन मद्दत गर्नु पर्दछ। करदाताको भूमिका कर भुक्तानी नभई राष्ट्रको राजस्वको सही उपयोग भएको नभएको कुरा रेखदेख गर्ने र भ्रष्टाचारीलाई बहिस्कार गरी देशको प्रशासनमा महत्वपूर्ण योगदान दिने पनि हो। यसबाट कुनै बाधा अड्चन विना देश विकासको प्रकृया अघि सर्न सक्दछ।

राष्ट्रको सञ्चालन गर्न सरकारले निश्चित बजेट अलग्याएको हुन्छ जुन राष्ट्रिय योजना आयोगद्वारा निर्माण गरिएको विकासका लागि योजना एवं कार्य प्रकृयामा लागू हुन्छ। करको राजस्व विना विकासका गतिविधिमा निम्न सहयोग मात्र पुग्दछ देशको निर्माण, समृद्धि, शान्ति, सुविधालाई शास्वत रुपमा कायम गर्नका लागि उचित कर व्यवस्थापन, करदाताको महत्वपूर्ण योगदान रहेको हुन्छ। राज्यद्वारा करदातालाई कर भुक्तानीका लागि प्रोत्साहन गर्न करलाई सुविधामूलक क्षेत्रमा लगानी गर्नु पदृछ। एक मानवीय र नागरिकको कर्तव्यले करवापत देशको निर्माणमा योगदान दिनुपर्ने सवैले बुझ्नुपर्छ। आफ्ना भूमिका कर्तव्यको पालना नगरी केवल राष्ट्रबाट अपेक्षा राख्नु उचित हुन्छ। कदापि हुँदैन। एक नागरिक हुनाले कर्तव्यले राष्ट्रबाट होइन राष्ट्रले हामीमाथि राखेको अपेक्षा, मनोकांक्षालाई पूरा गर्नु पर्दछ।

राष्ट्र निर्माण, कर र करदाता त्रिमूर्तिका रुपमा रहेका हुन्छन्। जसले राष्ट्रलाई तिव्र गतिमा अग्रपंक्तिसम्म पुऱ्याउँछ। करदाताले राष्ट्रलाई अनिवार्य रुपमा बुझाउनु पर्ने करलाई बोझको रुपमा लिनु पर्दछ। नेपालजस्तो विकासशील देशमा सरकार र सामान्य नागरिक बीचको असमझदारी र कर्तव्य निर्वाह गर्ने भावनाको कमिले देशलाई विकासमा उल्लेखनीय रुपमा अघि बढाउन सकिएको छैन। राष्ट्रको मुख्य आय श्रोतको रुपमा करको महत्व बुझेर करदाताले आफ्नो कर्तव्य निर्वाह गर्नु र सरकारले कर भुक्तानी प्रति करदाताको हिचकिचाहटलाई हटाउन राजस्व सही क्षेत्रमा उचित तरिकाले उपयोग गर्नु आवश्यक पर्दछ। आफ्ना परिवारका लागि जे जति योगदान पुऱ्याइएको हून्छ के राष्ट्रलाई आफ्नो परिवार स्वरुप ठानेर राष्ट्रप्रतिको कर्तव्य र जिम्मेवारीलाई निर्वाह गर्न एक नागरिक भएता पनि असक्षम हुन्छौं ? करको महत्व बुझे ता पनि राष्ट्र निर्माणमा करदता भएर योगदान दिन सक्दैनौं ?

(चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को उपलक्ष्यमा आयोजित निवन्ध प्रतियोगितामा द्वितीय स्थान हासिल गर्न सफल निवन्ध)

---

५ पेजको बांकी.....

Tax System बाट कार्य सम्पादन गर्दा प्राय: विवरण तथा तथ्याङकहरु सहज रुपमा हेर्न नसकिने, तुरुन्त Preview नहुने, आवश्यक Data हरु एकमुष्ट हेर्न नसकिने र System बेला बेलामा अवरुद्ध भईरहंदा सेवा प्रवाह तथा कार्यसम्पादनमा जटिलता उत्पन्न भएको।

५. शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर विवरण Online filing व्यवस्था नभएकोले कार्यालयमा Manually पेश भएका विवरणहरुको अभिलेखांकनमा समस्या उत्पन्न भएको।
६. अन्त:शुल्कको नयाँ दर्ता सामान्य विवरण सच्याउनुपर्ने PDCR आदिका लागि समेत विभागमा लेखि पठाउनुपर्ने भएकाले कार्यसम्पादनमा ढिलाई हुने।
७. पुराना बक्यौता असुलीमा समस्या।
८. करदातामा कर कानून र e-System का बारेमा पूर्ण जानकारी नहुनु।
९. Computer Billing को निर्देशिका अनुसार कर विजकमा मात्र व्यवस्था भएको तर ख्त्ट मा दर्ता भएका बाहेकका करदाताले Computer billing गरेको अवस्थामा समान व्यवहार नभएको गुनासो आएको।
१०. Filing System computerized नभएको
११. देशको वर्तमान असहज परिस्थितिले राजस्व असुली, बजार सर्वेक्षण तथा अनुसन्धान कार्यमा कठिनाई देखिएको।

**समस्या समाधानका उपायहरु :**

१. विभिन्न जिल्लाका उद्योग वाणिज्य संघ तथा अन्य बस्तुगत संघ संगठनसँग समन्वय तथा सहकार्य गरी करको दायरा विस्तार गरिएको।
२. सेवा कार्यालयहरुको क्षेत्राधिकार तथा कार्याधिकार विस्तार गर्न, करदाता सेवा कार्यालय तथा आन्तरिक राजस्व कार्यालयको संगठन संरचनामा विस्तार गर्न समय समयमा विभागमा जानकारी गराइएको।
३. Integrated Tax System लाई जुनसुकै समयमा पनि छिटो र सरल तरिकाले काम गर्न सकिने गरी उक्त श्थकतभ को स्तरोन्नती गर्न विभागलाई जानकारी गरिएको।
४. शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर विवरण इलष्लिभ Filing हुने व्यवस्था मिलाउनुपर्ने।
५. अन्त:शुल्क विवरणहरुको PDCR सम्बन्धित कार्यालयमा प्रमुख कर अधिकृतबाट नै हुने व्यवस्था मिलाउनुपर्ने।
६. Filing System computerized गरी थप व्यवस्थित गर्नुपर्ने

**अन्य निकाय संगको अपेक्षा**

यस कार्यालय मार्फत् राजस्व प्रशासनको उद्देश्य प्राप्तिका लागि विभाग, करदाता तथा उद्योग वाणिज्य संघ लगायतका संघ संगठनसंग अपेक्षा गरिएको छ। कार्यालयले विभागले अनुभवी र नयाँ कर्मचारीहरुको संयोजनहुने गरी सरुवा तथा पदस्थापन गर्ने व्यवस्था मिलाइदिने र समयसापेक्ष आवश्यकता अनुरुप कार्यालयका कर्मचारीलाई कार्यालयमै तालिमको व्यवस्था गरिदिने। उद्योग वाणिज्य संघ तथा बस्तुगत संघ संगठनहरुले करको दायरा विस्तार, कर कानून परिपालना गर्न गराउन तथा कर सहभागिता अभिबृद्धि गर्न गराउन सहयोगीको भूमिका खेल्ने, उपयुक्त सुझाव प्रेषित गर्ने। र करदाताले विद्यमान कर कानूनको परिपालना, आर्थिक ऐनले दिएका सुविधा सहुलियतको उपयोग गर्ने र समयमै करका विवरण बुझाई कर दाखिला गर्ने गरेमा राजस्व प्रशासन सफल गराउन एवं थप करदातामैत्री बाताबरण निर्माणमा सहयोग मिल्ने अपेक्षा गरिएको छ।

**अन्य:**

विद्यमान अवस्थामा यस कार्यालयबाट करदाता मैत्री कर प्रणाली तथा व्यवहारको अवलम्बन तथा कर कानूनको परिपालनालाई जोड दिदैं करको दायरा विस्तार एवं कर सहभागिता अभिबृद्धिका लागि कार्ययोजना अनुरुप कार्यात्मक लक्ष्य हासिल गर्दै उत्कृष्ट कार्यसम्पादनमा सुदृढ हुनुपर्ने देखिन्छ।

# राष्ट्र निर्माणमा करको महत्व र करदाताको भूमिका

**शुभेच्छा डल्लाकोटी**
कक्षा : १०, ज्ञानोदय उच्च माध्यामिक विद्यालय बाफल

आफ्नो जनताप्रति राज्इको धेरै दायित्वहरु हुन्छन् । राष्ट्रको शान्ति-सुरक्षा गर्न, जनताको आवश्यकताहरु पूरा गर्न, विकासका पूर्वाधारहरुको विकास गर्न राष्ट्रलाई राजस्व चाहिन्छ । राजीव विभिन्न तरिकाले राष्ट्रद्वारा जम्मा गरिन्छ । ती मध्ये राजस्व संकलन गर्ने एक मुख्य तरिका कर हो । पहिले त हामीलाई कर भन्दा पनि राजस्व के हो भनेर थाहा हुनुपर्दछ । जनताबाट अनिवार्य रुपमा लिने रकमलाई राजस्व भनिन्छ । कर कानुन अनुसार आफ्नो स्रोतबाट नागरिकले राज्यलाई दिने एक अनिवार्य योगदान हो । राष्ट्र निर्माणमा करदाताको भूमिका र करको धेरै महत्व छ । सरकारले वा कानुनले तोकेको उल्लेखित रकम भन्दा बढी आम्दानी भएको व्यक्तिले कर तिर्नुपर्दछ । कर तिर्ने व्यक्तिलाई करदाता भनिन्छ । करदाताले इमान्दारपूर्वक राज्यलाई कर तिऱ्यो भने राष्ट्र निर्माण हुन्छ । त्यसैले राष्ट्र निर्माणमा करदाताको भूमिका र करको निकै महत्व छ ।

नेपालमा करको लागू १९५९ देखि शुरु भएको हो । कर राष्ट्रको आम्दानी हो । कर कानुन अनुसार आफ्नो आय श्रोतबाट जनताले राष्ट्रलाई अनिवार्य रुपमा बुझाउने योगदान हो । कर राष्ट्रको सम्पत्ति हो । कर तिर्ने मानिस वा व्यक्तिलाई करदाता भनिन्छ । कर करदाताद्वारा सरकार र राष्ट्रलाई ठूलो योगदान हो । करको मुख्य दुई प्रकारहरु हुन्छन् । ती हुन् : प्रत्यक्ष कर र अप्रत्यक्ष कर । राज्यले तोके अनुसार त्यस रकम, सोही व्यक्तिले तिरे प्रत्यक्ष कर हुन्छ भने राज्इले तोके अनुसार, त्यस रकम सोही व्यक्तिले नदिई अर्को व्यक्तिले दिनेलाई अप्रत्यक्ष कर भनिन्छ । करदाताले राष्ट्रलाई कर तिर्छन् । करदातालाई प्रत्यक्ष र विशेष रुपमा केही फाइदा हुदैन । कानुनले तोके अनुसार वा उल्लिखित रकम भन्दा बढी आम्दानी भएको व्यक्तिले राष्ट्रलाई कर बुझाउनुपर्छ । त्यसरी नै खाँदा, होटलहरुमा बस्दा, सामानहरु किन्दा पनि कर तिर्नुपर्छ करले राज्यलाई आत्मनिर्भर बनाउँछ । करदाताले तिर्ने करले राज्यलाई सक्षम बनाउँछ । त्यसैले राष्ट्र निर्माणमा करदाताको भूमिका र करको धेरै महत्व छ । राष्ट्रमा कर जम्मा हुनु भनेको राष्ट्रको ढुकुटी बढ्नु हो । राष्ट्रको ढुकुटी बढ्नु भनेको राष्ट्र धनी र बलियो हुनु हो ।

राष्ट्र निर्माण भनेकै राष्ट्रको पूर्वाधारहरुको निर्माण हुनु हो । शिक्षा, स्वास्थ्य, यातायात, संचार राष्ट्रको विकासका पूर्वाधारहरु हुन् । सरकारले, करदाताले तिरेको करलाई संकलन गरी, यी राष्ट्रका पूर्वाधारहरुको विकासमा प्रयोग गर्न सकिन्छ । करबाट संकलित रकमले राष्ट्रको दुर्गम क्षेत्रहरुको शैक्षिक, यातायात, स्वास्थ्य र संचारको विकास गर्न सकिन्छ । नेपालमा कति पिछडिएका क्षेत्रहरु छन् । त्यहाँ करबाट संकलित रकमले विभिन्न विद्यालयहरु बनाउन सकिन्छ । करबाट हामीले स्वास्थ्यको क्षेत्रमा पनि योगदान दिन सक्छौं । करबाट विभिन्न अस्पताल, औषधि पसल आदि स्थापना गर्न सकिन्छ । करले पुल निर्माण बाटोहरुको निर्माणमा पनि मद्दत पुऱ्याउँछ । करबाट जम्मा भएको पैसाले दुर्गम क्षेत्रमा संचार माध्यमको विकास गर्न सकिन्छ । करले राष्ट्रको पूर्वाधारहरुको विकासमा सहयोग गर्छ ।

करले राष्ट्रको आर्थिक उन्नतिमा सहयोग गर्छ । करबाट संकलित रकमले आर्थिक उन्नतिमा प्रयोग गर्न सकिन्छ । पर्यटन राष्ट्रको एक मुख्य आर्थिक स्रोत हो । राष्ट्रले पर्यटन क्षेत्रलाई विकास गर्न सक्यो भने राष्ट्रको आर्थिक उन्नति हुन्छ । पर्यटकहरुले खाँदा बस्दा तिरेको विदेशी मुद्राले राष्ट्रको आर्थिक उन्नति गर्छ । राष्ट्रको आर्थिक उन्नति भएपछि राष्ट्र परनिर्भर बन्छ । करबाट संकलित रकमले मान्छेहरुलाई काम दिन सकिन्छ । राष्ट्रले आफ्नो पिछडिएको क्षेत्र जहाँ मान्छेहरु बेरोजगार छन्, त्यहाँ मानिसहरुलाई काम दिन सकिन्छ । दुर्गम क्षेत्रका मानिसहरुलाई विभिन्न सीप सिकाउन सकिन्छ । उनीहरुमा सीप भयो भने उनीहरु काम गर्न सक्षम हुन्छन् । जसले राष्ट्रको आर्थिक उन्नतीमा सहयोग पुऱ्याउँछ । राष्ट्रले करबाट संकलित रकमले किसानहरुलाई तालिम दिन सकिन्छ । उनीहरुलाई सीप सिकाएर, आधुनिक किसान बन्न प्रोत्साहन गर्नुपर्छ । उनीहरुलाई विना रकम कुटो, कोदालो जस्ता सामानहरु अनि रसायनिक मलहरु प्रदान गर्न सकिन्छ । यसो गरियो भने राष्ट्रको आर्थिक उन्नति हुन्छ ।

करले राष्ट्रको नागरिकहरुको जीवन स्तरको उन्नति गर्छ । करले विभिन्न विकासका कामहरु गर्न सहयोग गर्छ । मानिसहरुले धेरै आवश्यकताहरु पूरा गर्न सक्छन् । बेरोजगार भएर बसेका मानिसहरुले पैसा पाउँछन् । उनीहरुको पारिवारिक आर्थिक उन्नति भएपछि आफ्ना सन्तानहरु राम्रो र उत्कृष्ट शिक्षा प्रदान गर्न सक्छन् । यसो गर्दा भविष्यमा असल, राष्ट्रशक्ति र सक्षम नागरिकहरु उत्पादन हुन्छन् । राष्ट्रमा जति धेरै असल र सक्षम नागरिकहरु उत्पादन हुन्छन्, त्यति नै राष्ट्रको उन्नति हुन्छ, त्यति नै राष्ट्रको विकास हुन्छ । त्यसैले, करले नागरिकहरुको जीवन स्तरको उन्नतिमा पनि महत्वपूर्ण भूमिका हुन्छ ।

करले राष्ट्रमा शान्ति- सुरक्षा कायम गर्न पनि ठूलो भूमिका खेल्छ । करले देशमा शान्ति ल्याउँछ । यदि आयात सामानहरु वा अन्य सामानहरुमा कर लगाइयो भने धेरै मानिसहरुले कर किन्न सक्दैनन् । यसले अवैध सामानहरु जस्तै हातहतियार लागू पदार्थहरुको किनबेचमा हानी गर्छ जसले गर्दा राष्ट्रको शान्ति सुरक्षा हुन्छ । करबाट संकलित रकमले बाढी, पहिरो, भूकम्प पीडित मान्छेहरुलाई बस्ने बास, कपास र गाँसको लागि सहयोग गर्न सकिन्छ । यसो गर्दा राष्ट्रको नागरिकहरु खुसी र सुखीका साथ जीवन बिताउन सक्छन् । त्यसैले, करले राष्ट्रको शान्ति सुरक्षामा मद्दत गर्दछ । यसले राष्ट्रलाई मद्दत गर्छ । धेरै जसो ठूला ठूला संघ संस्था, कलकारखाना र कार्यालयहरु धेरै कर तिर्छन् । नेपालमा सवैभन्दा बढी कर तिर्ने संस्था नेपाल टेलिकम हो । यही संकलित रकमहरुले राष्ट्रको आर्थिक स्थिति, कमजोर भएको बेला मद्दत गर्दछ । करले राष्ट्रलाई कमजोर बन्न दिदैन । त्यसले राष्ट्रलाई आत्म निर्भर बन्न सिकाउँछ ।

राष्ट्र निर्माणमा करदाताको भूमिका निकै नै ठूलो हुन्छ । करदाताले गरेकै योगदानबाट राष्ट्रको उन्नति र विकास हुने हो । करदाताले कर तिरेर आफ्नो राष्ट्रको विकास र उन्नति हुन्छ भने किन कर नतिर्ने ?

करदाताले इमान्दार भएर कुनै छलछाम नगरी आफ्नो राष्ट्रलाई कर तिर्नुपर्छ। कतिपय संस्थाहरु, कलकारखानाहरु अनि कार्यालयहरुले लाखौं, करोडौंको कर तिर्न पछाडि परेको छ। जसले गर्दा राष्ट्रको निर्माणमा हानी पुऱ्याइरहेको छ। राष्ट्रलाई कर नतिर्नु भनेको राष्ट्रलाई ठग्नु हो। राष्ट्रलाई ठग्नु भनेको राष्ट्रलाई निर्भर बनाउन प्रोत्साहन गर्नु हो। करदाताहरुले कर तिरेनन् भने राष्ट्रको उन्नति र विकास हुँदैन। त्यसैले करदाताहरु इमान्दार हुनुपर्छ।

'करबाट पर नभई करमा भर गर्नुपर्छ' भन्ने युक्तिलाई हेर्दै करदाताले राज्यलाई कुनै छलछाम नगरी कर तिर्नुपर्छ। करदाताहरु भविष्यमा करकै भर पर्नुपर्छ भने कर किन नतिर्ने ? कतिपय मानिसहरु कर तिर्न हिचकिचाउँछन्। करदाताहरु कर तिर्न हिचकिचाउनु हुँदैन। करदाताले करलाई आफ्नो राज्यले गरेको योगदान भनेर सम्झी त्यसलाई अनिवार्य रुपमा बुझाउनु पर्छ। करदाताले करलाई राष्ट्रको आम्दानी हो भन्ने कुरा बिर्सिनु हुँदैन। करदाताले राष्ट्रलाई पराई नसम्झी आफ्नो आयस्रोतबाट आफ्नो राज्यलाई कर तिर्नुपर्छ। त्यसैले, करदाताले राष्ट्रको आर्थिक उन्नति, विकासको उन्नतिमा महत्वपूर्ण भूमिका खेल्नुपर्छ।

राष्ट्रका जनताहरुले प्रत्यक्ष र विशेष रुपमा फाइद्या प्राप्त नगरेपनि अप्रत्यक्ष रुपमा फाइदा प्राप्त गर्छ। उनीहरुले तिरेको करबाट राष्ट्रको विकास हुन्छ। राष्ट्रको आर्थिक उन्नति पनि हुन्छ। राष्ट्रको विकास र आर्थिक उन्नति भनेकै जनताहरुको जीवनस्तर प्रगति हुनु हो। उनीहरुको देश विकास भएपछि उनीहरुले आफ्ना आवश्यकताहरु पूरा गर्न पाउँछन्। त्यसैले, करदाताले राष्ट्रलाई कर तिर्नु भनेको आफ्नो जीवन स्तरको प्रगति हुनु हो भनेर सम्झी राष्ट्रलाई कर तिर्नुपर्छ। करले देशमा शान्ति-सुरक्षा पनि ल्याउन मद्दत गर्छ। नागरिकहरुले शान्त वातावरणमा जिउन पाउँछन् र उनीहरुले सुरक्षा पनि पाउँछन्। त्यसैले, करदाताले राष्ट्रलाई कर तिर्नु भनेको आफूले शान्ति र सुरक्षा कायम गर्नु हो भनेर राष्ट्रलाई इमान्दारका साथ कर तिर्नुपर्छ।

राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक र भौगोलिक विकास गर्न करदाताको निकै ठूलो योगदान हुन्छ। उनीहरुले कर तिरेर भूमिका निर्वाह गर्छन् र उनीहरुले तिरेको करबाट देशको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक र भौगोलिक विकास हुन्छ। करबाट नागरिकहरुलाई फाइदा हुने भएकोले करदाताले आफ्नै लागि हो भन्ने भावना पनि राख्नुपर्छ। करबाट संकलित रकमबाट सरकारले आफ्नो नागरिकलाई पेन्सन भत्ता दिन्छ। यति मात्रै होइन, राज्यले जेष्ठ नागरिक कोष, एकल महिला कोष, सुत्केरी भत्ता कोष पनि बनाएको जसले गर्दा राष्ट्रको नागरिकहरुलाई नै फाइदा भइरहेको छ। त्यसैले, करदाताले राष्ट्रलाई कर तिर्नु भनेको आफ्नो प्रगति, उन्नति र जीवन रक्षा गर्नु हो भनेर सोची राष्ट्रलाई कर तिर्न हिचकिचाउनु हुँदैन। करदाताले राष्ट्रको प्रगति उन्नति, विकास गरी आफूलाई फाइदा हुने काममा महत्वपूर्ण भूमिका खेल्नुपर्दछ।

निस्कर्षमा, राष्ट्रको आम्दानीको स्वरुप कर एक अनिवार्य योगदान हो। करको महत्व राष्ट्र निर्माणमा निकै छ। करले राष्ट्रको पूर्वाधारहरुको निर्माण गर्न, राष्ट्रको आर्थिक उन्नति गराउन, नागरिकहरुको जीवन स्तर उन्नति गराउन, देशमा शान्ति सुरक्षा कायम राख्न अनि राष्ट्रको आर्थिक उन्नतिलाई कायम राख्न मद्दत गर्ने भएकोले राष्ट्र निर्माणमा करको महत्व निकै छ। राष्ट्र निर्माणमा करदाताको निकै ठूलो भूमिका भएकोले, करदाताले राष्ट्रलाई कर तिर्नु भनेको आफूले प्रगति, उन्नति गर्नु हो। अनि शान्ति सुरक्षा प्राप्त गर्नु हो भन्ठानेर इमान्दारका साथ राष्ट्रलाई कर बुझाउनुपर्छ। त्यसैले, हामी आजैदेखि राष्ट्रलाई योगदान गर्न पछाडि नपरौं।


(चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को उपलक्ष्यमा आयोजित निवन्ध प्रतियोगितामा तृतीय स्थान हासिल गर्न सफल निवन्ध)

१ पेजको बांकी...

तर्फ ७३ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. २१ करोड १४ लाख ९३ हजार र रु. ३३ करोड ४३ लाख ९० हजार संकलन भएको छ। शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ७२ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ७२ प्रतिशत संकलन भएको छ। गत वर्षको तुलनामा आयकर वृद्धिदर ९९ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर ११० प्रतिशत,

## पूर्ण कर परीक्षण


Full Audit Analysis ( Upto 2072 Mansir)



| | Full Audit (No) | Audit Yield Per Case (000) | Total Assmt (M) | AA (M) | MA (M) | Excise(M) | Loss Recover (M) |
|---|---|---|---|---|---|---|---|
| 2070 | 982 | 1865 | 1832 | 1456 | 332 | 44 | 5517 |
| 2071 | 1054 | 2079 | 2192 | 1646 | 532 | 14 | 4038 |
| 2072 | 1488 | 1135 | 1688 | 1275 | 354 | 59 | 7575 |

## बक्यौता असुली

Arrear Collection in Cash (upto 2072Mansir)



| | VAT (000) | Income Taxes (000) | Total (000) |
|---|---|---|---|
| 2070 | 988570 | 840172 | 1828742 |
| 2071 | 1030287 | 280466 | 1310753 |
| 2072 | 806441 | 643154 | 1449595 |

अन्तशुल्कको वृद्धिदर ८९ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १०६ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १०० प्रतिशत रहेको छ।

सात वटा कार्यालयको लक्ष्य पुगेको र २९ वटा कार्यालयको लक्ष्य बमोजिम प्रगति हुन सकेको छैन। राजस्व असुलीमा मुख्य गरी दैनिकरुपमा असुली हुने अन्तःशुल्कको असुली लक्ष्यको तुलनामा कम रहेको छ। आन्तरिक राजस्व कार्यालय विरगञ्ज तोडफोड भएको र २ वटा सवारी साधन जलाइएको साथै करदाता सेवा शाखाको सामाग्री समेत नष्ट गरिएको र हालसम्म पनि उक्त कार्यालय संचालनमा आउन सकेको छैन। तराइका कार्यालयहरुमध्ये आन्तरिक राजस्व कार्यालयहरु जनकपुर, लहान, विरगञ्ज र कृष्णनगर पूर्णरुपमा संचालनमा आउन सकेको छैन। यस वर्ष मंसिर मसान्तसम्ममा जम्मा आय विवरण २६४६१६ प्राप्त भएकोमा गत वर्ष सोही अवधिमा २९९७०९ विवरण प्राप्त भएकोले गत वर्ष भन्दा यस वर्ष ३५०९३ विवरण घटी प्राप्त भएको देखिन्छ। आय विवरण

तथा कर छुट हुने संस्थाको विवरण, मू.अ.कर विवरण, अन्तःशुल्क विवरण, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर, अग्रिम कर कट्टीको विवरण र कर बुझाउने म्याद थप गरी पौष २५ सम्म बढाइएको थियो। मू.अ.कर विवरण वुझाउने कुल करदाताको संख्या १५८००८ रहेकोमध्ये डेबिट विवरण वुझाउने करदाता ९२७५, क्रेडिट विवरण वुझाउने करदाता ३६३८२, शुन्य विवरण वुझाउने करदाता २६९९९ र विवरण नवुझाउने करदाताको संख्या ७९७१० रहेको छ। मू.अ.कर विवरण नवुझाउने करदाता ५०.४५ प्रतिशत, डेबिट विवरण वुझाउने करदाता ५.८६ प्रतिशत, क्रेडिट विवरण वुझाउने करदाता २३.०२ प्रतिशत, शुन्य विवरण वुझाउने करदाता १७.०८ प्रतिशत र क्रेडिट डेबिट अनुपात (रकम) ६.१:१ रहेको छ।

यस आ.व को मंसिरसम्ममा जम्मा रु १ अर्ब ४४ करोड ९५ लाख ९५ हजार बक्यौता असुली भएको छ। यसमध्ये मू.अ.कर रु ८० करोड ६४ लाख ४१ हजार तथा आयकर रु ६४ करोड ३१ लाख ५४ हजार रहेको छ। गत आ.व.मा सोही अवधिमा बक्यौता असुली जम्मा रु १ अर्ब ३१ करोड ७ लाख ५३ हजार भएको थियो। सो मध्ये मू.अ.कर वक्यौता असुली जम्मा रु १ अर्ब ३ करोड २ लाख ८७ हजार तथा आयकर वक्यौता असुली जम्मा रु २८ करोड ४ लाख ६६ हजार रहेको थियो।

यस आ.व.को मंसिरसम्ममा जम्मा १४८८ वटा पूर्ण कर परीक्षण सम्पन्न भएको छ। कर परीक्षणबाट रु १ अर्ब ६८ करोड ८० लाख कर निर्धारण भई प्रति केस रु ११ लाख ३५ हजार कर निर्धारणा भएको छ। गत आ.व.को सोही अवधिसम्ममा जम्मा १०५४ वटा पूर्ण कर परीक्षण भएको थियो। गत वर्ष रु २ अर्ब १९ करोड २० लाख कर निर्धारण भई प्रति केस रु २० लाख ७९ हजार कर निर्धारण भएको थियो।

यस आ.व.को मंसिरसम्ममा जम्मा २७६ वटा अनुसन्धानमूलक कर परीक्षण सम्पन्न भएको छ। उक्त कर परीक्षणबाट रु ६१ करोड ४० लाख कर निर्धारण भई प्रति केस रु २२ लाख २५ हजार कर निर्धारण भएको छ। गत आ.व.को मंसिरसम्ममा जम्मा ३६२ वटा अनुसन्धानमूलक कर परीक्षण सम्पन्न भएको थियो। उक्त कर परीक्षणबाट रु ४५ करोड २० लाख कर निर्धारण भई प्रति केस रु १२ लाख ४८ हजार कर निर्धारण भएको थियो।

२०७२ मंसिरमसान्त सम्म १७ करोड ९७ लाख ०१ हजार फछ्र्यौट भएको छ। कुल बेरुजु रकम ४ अर्ब २३ करोड १८ लख ०६ हजार मध्ये ४.२ प्रतिशत बेरुजु फछ्र्यौट भएको छ। आर्थिक ऐन २०७२ को दफा २२ बमोजिम २० हजार भन्दा कम बक्यौता हुने करदाताको वक्यौता रकम मिन्हा गर्ने व्यवस्था भए अनुसार हालसम्म ३२ कार्यालयको ३४५७० करदाताको १५ करोड ४७ लाख २२ हजार मिन्हा भएको छ। हाल पूर्णरुपमा संचालनमा आउन नसकेका कार्यालयहरु अन्तरिक राजस्व कार्यालय कृष्णनगर, वीरगंज र लहान तथा आन्तरिक राजस्व कार्यालय भरतपुरको अन्तर्गतका करदाताको वक्यौता मिन्हा हुन वांकी भएको देखिन्छ।

तीन वर्षे सुधार योजना तथा पांच वर्षे रणनीतिक योजनाको मध्यवधि मूल्यांकनको लागि केही आधारहरु तोकी परामर्शदाता छनौट गरी कार्य गर्नका लागि सम्झौता तथा कार्यादेश भई सकेको छ। कर प्रशासनलाई सक्षम र क्षमतावान तथा व्यवसायिक बनाउनको लागि विदेश तथा स्वदेशमा आवश्यकतामा आधारित तालिममा सहभागि गराई तथा संचालन गरी क्षमता अभिवृद्धि गरिने विभागले जनाएको छ।

## नेपाल सरकार
## अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभागको
# म्याद थप नहुने बारेको सूचना

**प्रस्तुत विषयमा आय विवरण, आयकर रकम र किस्ता रकम बुझाउने म्याद २०७२ पौष मसान्तसम्म र मूल्य अभिवृद्धि कर, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवाकरको विवरण र रकम बुझाउने म्याद २०७२ पौष २५ सम्ममात्र कायम भएको र पुनः म्याद थप नहुने हुंदा सम्बन्धित सवैमा अनुरोध छ ।**

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
राममणि दुवाडी
लक्ष्मीप्रसाद यादव

**सम्पादन समूह**
सम्झना बराल
शिवलाल तिवारी
आनन्द काफ्ले
अर्जुनप्रसाद भट्टराई
प्रकाश शर्मा ढकाल